भक्तपुर बचत तथा ऋण
सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर–९, फोन नं. ६६१४६८६

जिल्ला स्तरीय भेट्रान्स डबल ब्याडमिन्टन
प्रतियोगितासम्बन्धी सूचना

यस संस्थाको आयोजनामा तपसिलको मितिमा अन्तर सहकारी भेट्रान्स डबल ब्याडमिन्टन प्रतियोगिता हुने भएकोले सहभागिताको लागि अनुरोध गर्दछ ।

प्रतियोगिता
प्रतियोगिता मिति : २०८३/०३/२० र २१ गते
सहभागिता शुल्क : रू. १०००।- (प्रतिटोली)
अन्तिम दर्ता मिति : २०८३/०३/१८ गते

आयोजक
खेलकुद उपसमिति

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : १४३ ★ ने. सं. ११४६ अनला गा, औँसी ★ सोमबार ★ १ असार, २०८३ ★ June 15, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## सिद्धपोखरी मर्मत सम्भारमा श्रमदान जारी



भक्तपुर, ३१ जेठ । भक्तपुरकै सबभन्दा ठुलो भनिएको ऐतिहासिक सिद्धपोखरीमा मर्मत सम्भार तथा जीर्णोद्धार कार्य भइरहेको छ । गत चैत २० गतेदेखि सुरु भएको उक्त पोखरीमा आइतबार पनि श्रमदान जुट्यो । उपभोक्ता समितिबाट प्राप्त जानकारीअनुसार आइतबार सैनिक आवासीय महाविद्यालयमा अध्ययनरत विद्यार्थी तथा सेनाले श्रमदान गरेका थिए । श्रमदानमा २ सय १० जनाको उपस्थिति भएको स्रोतले जनाएको छ ।

त्यस्तै जेठ ३० गते भनपा वडा नं. ८ स्थित लांतले महिला समूहले श्रमदान गरेको थियो । यसअघि नेपाल क्रान्तिकारी डकर्मी सङ्घ भक्तपुरले श्रमदान गरेको थियो । उक्त श्रमदानमा १८ जना डकर्मीहरु सहभागी थिए ।

सिद्धपोखरी मर्मत सम्भारको लागि भक्तपुर नगरपालिकाले बजेटको व्यवस्था गरेको छ । उपभोक्ता समितिको आग्रहअनुसार श्रमदान कार्य जुटिरहेको बुझिएको छ ।

## ख्वप कलेजमा शैक्षिक–औद्योगिक संवाद कार्यक्रम




भक्तपुर, ३१ जेठ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजको आयोजनामा विद्यार्थीहरूबिच उद्यमशील सोचको विकास गर्ने अभिप्रायले एकदिने 'ख्वप शैक्षिक-औद्योगिक संवाद' कार्यक्रम आइतबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले शिक्षालाई श्रमसँग जोड्ने नीतिअन्तर्गत भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्यापन कार्य भइरहेको बताउनुभयो ।

शैक्षिक क्षेत्र विदेशीको लागि सस्तोमा ज्यामी तयार गर्ने ठाउँ नभई शिक्षासँगै सीपको विकास गराई उद्यमशीलताको विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले युवाहरूमा उद्यमशील सोच, नवप्रवर्तन तथा आत्मनिर्भर व्यवसायिक संस्कृतिको विकास आजको आवश्यकता भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "शैक्षिक संस्था र उद्योग क्षेत्रबिचको सहकार्यलाई अझ सुदृढ बनाउनु जरूरी छ । भक्तपुर पर्यटकीय क्षेत्र भएकोले स्थानीय स्तरमा आवश्यक सामग्रीको उत्पादनमा जोड दिन भक्तपुर नगरपालिकाले उद्यमशील कर्जा प्रवाह गरिरहेको र विभिन्न सीपमूलक तालिम सञ्चालन गरिरहेको छ ।"

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले शिक्षालाई व्यावहारिक तथा उद्यममुखी बनाउन यस्ता संवाद कार्यक्रमहरू महत्त्वपूर्ण हुने बताउनुभयो । कलेजले उच्च शिक्षामा औपचारिक अध्यापन मात्र नभई विद्यार्थीको वृत्ति विकासका कार्यमा समेत जोड दिई सामाजिक उत्तरदायित्व वहन गरिरहेको बताउनुभयो ।

ख्वप ईन्क्युवेसन ल्यावका संयोजक अञ्जु ग्वाछ्वाले कार्यक्रमको उद्देश्य, पृष्ठभूमि तथा अपेक्षित उपलब्धिबारे जानकारी दिई विद्यार्थीहरूमा उद्यमशील सोच तथा नेतृत्व क्षमताको विकास गर्न कलेजले इन्क्युवेसन ल्यावको माध्यमबाट विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो ।

कलेजका उप-प्राध्यापक तथा उद्यमी निष्ठा कायष्ठले आफ्नो व्यवसायिक यात्राको अनुभव बताउँदै व्यवसायमा व्यावहारिक रूपमा आइपर्ने अवसर तथा चुनौतीहरूको बारेमा बताई विद्यार्थीलाई उद्यमी बन्नको लागि अभिप्रेरित गर्नुभयो ।

उहाँले सफल उद्यमी बन्नको लागि निरन्तर सिकाइ, मेहेनत, नवीन सोच तथा आत्मविश्वास अत्यावश्यक हुने बताउनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा त्रिभुवन

बाँकी पृष्ठ २ मा

## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – २६

**प्रहरी वृत्त सिंहदरबारमा कार्यरत प्रहरी वरिष्ठ हवल्दार रामचन्द्र यादवको कागज व्यहोरा**

भदौ २३ गतेको आन्दोलनको सुरक्षार्थ प्रहरी टोली अन्हन खटन गरेको थिएँ । दिउँसोको अन्दाजी २:०० बजे माइतिघर मण्डलामा जम्मा भएको भीडले निषेधित क्षेत्र तोडेर बानेश्वरस्थित सङ्घीय संसद् भवनमा आक्रमण गऱ्यो । सङ्घीय संसद् भवनमा आक्रमण गर्ने क्रममा प्रहरीको गोली लागेको कुरा भने मैले सामाजिक सञ्जालको टिकटक लाइभमार्फत थाहा पाएँ ।

भदौ २४ गतेको मिडिया र सञ्चार सेटमा सुने अनुसार विभिन्न प्रहरी कार्यालयमा आगजनी तथा तोडफोड र लुटपाट भएको भन्ने जानकारी प्राप्त भयो । यस कार्यालयमा रहेको मोबाइल गाडी CM713 र QRT. र C719, C70 को मोटरसाइकल भने बचाउने प्रयास गर्दागर्दै पनि प्रदर्शनकारीहरूले लगाएको आगोले जली नष्ट भयो । तत्त पश्चात् अन्दाजी ४ हजारको सङ्ख्यामा प्रदर्शनकारीहरू रातिको अन्दाजी १९:०० बजे गेटमा आए । मैले युनिफर्म खोली सादा पोशाकमा आन्दोलनकारीसँगै मिसिएर निजहरूले म प्रहरी कर्मचारी हो भन्ने कुरा थाहा नपाउने गरी यस कार्यालयको व्यारेक तथा मुद्दा शाखामा आगजनी गर्न नदिई कार्यालयका महत्त्वपूर्ण कागजात जोगाएँ । मेरै अगाडि मेरो सामानको बाकस तोडफोड गर्दा मैले आफ्नो परिचय नदिएर सम्झाइबुझाइबाहेक केही गर्न सकिन्नँ । रातिको समयमा म र प्र.स.ह दिनेश चौधरी व्यारेकमै सुतेँ । राति अन्दाजी २:०० बजेको समयमा यस कार्यालयका प्रमुख आएर कार्यालयमा भएको क्षतिको निरीक्षण गरी हामीलाई यहीं बस्ने आदेश गरी जानुभयो ।


**प्रहरी वृत्त लैनचौरमा कार्यरत प्रहरी वरिष्ठ हवल्दार कुमार राउतको कागज व्यहोरा**

मिति २०८२ साल भदौ २३ गते मलगायत ४० जना प्रहरीको टोली कार्यालय सुरक्षामा खटिएका थियौँ । प्रहरीको ब्यारिकेड तोडी प्रदर्शनकारीले संसद् भवनको पर्खाल भत्काई भवनभित्र प्रवेश गर्ने क्रममा प्रहरीले गोली चलाउनुपरेको थियो । भदौ २४ गतेका दिन अन्दाजी १०:०० बजे करिब २०० जना प्रदर्शनकारीहरू सोन्हखुट्टे चोकमा भेला भई सरकारविरुद्ध नाराबाजी गर्दै चोकमा टायर बाली प्रदर्शन गरिरहेको थियो । करिब ११:०० बजेको समयमा अन्दाजी १५०० जना प्रदर्शनकारी नाराबाजी गर्दै कार्यालयतर्फ अगाडि बढे । भीडले कार्यालय भवनमा इँट्टा ढुङ्गा, पानीका बोतल, पेट्रोलका बोतलले प्रहार गऱ्यो ।

केही स्थानीयहरूले समेत भिडलाई संयमित हुन आग्रह गर्दा बेवास्ता गरी नै रहे । करिब १३:५५ बजेको समयमा करिब २५००/३००० को सङ्ख्यामा रहेका प्रदर्शनकारीहरूले कार्यालय गेट अगाडि रहेको मोबाइल गाडीमा तोडफोड गरी धकेली वृद्धाश्रम अगाडि लगी आगजनी गरे । कार्यालय हाताभित्र पार्किङ गरी राखेको गाडी र मोटरसाइकलहरू आगजनी गरेपछि आगोको धुँवाले हिरासत कक्षमा रहेका थुनुवाहरू निस्सासिन थालेपछि थुनुवाहरूले हो-हल्ला तथा तोडफोड गर्न थाले । थुनुवाहरूलाई सम्पर्कमा रहनु भनी सकुशल बाहिर पठायौँ । स्थानीय व्यक्तिहरूको सहयोगमा कार्यालय हाताभित्र आगजनी भएको आगो निभायौँ जसले गर्दा थप क्षति हुन पाएन । कार्यालय हाताभित्र रहेका प्रदर्शनकारीहरूलाई स्थानीयहरूको सहयोगमा सोन्हखुट्टे चोकतर्फ पठायौँ ।

बाँकी पृष्ठ ८ मा

### व्यङ्ग्यचित्र कुनो



# मथिनपा–८ मा सातदिने चित्रकला कार्यशाला सम्पन्न



मध्यपुर, ३१ जेठ । मध्यपुर थिमि नगरपालिका वडा नं. ८ को आयोजनामा जेठ २३ गतेदेखि सञ्चालन भएको सातदिने चित्रकला कार्यशाला शनिबार सम्पन्न भयो ।

समापन कार्यक्रममा मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले कार्यशालामा सहभागी सम्पूर्ण कलाकार तथा आयोजकहरूलाई धन्यवाद तथा शुभकामना व्यक्त गर्नुभयो । उहाँले मध्यपुर थिमि नगरपालिकाभित्र करिब ७५० वटा मूर्त तथा अमूर्त सम्पदा रहेको उल्लेख गर्दै तिनको संरक्षण तथा प्रवर्द्धनका लागि नगरपालिका निरन्तर प्रयासरत रहेको बताउनुभयो ।

उहाँले सांस्कृतिक सम्पदाको संरक्षणले युवा पुस्तामा आफ्नो कला, संस्कृति तथा सम्पदाप्रति थप आकर्षण बढ्ने विश्वास व्यक्त गर्नुभयो । नगरपालिकाको प्रत्येक वडामा सातामा एक दिन चित्रकला कार्यशाला सञ्चालन गरी त्यसलाई नगरस्तरीय कार्यक्रमका रूपमा विस्तार गर्न आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता उहाँले जनाउनुभयो ।

कार्यक्रमका सभापति तथा वडा नं. ८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठले कार्यशाला सफलतापूर्वक सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै कलाकारहरूले सिर्जना गरेका चित्रहरूको अभिलेखीकरण गरी बुकलेटका रूपमा प्रकाशन गर्ने योजना रहेको जानकारी दिनुभयो । उहाँले यस्ता कार्यक्रमले मध्यपुरको पर्यटन विकासमा टेवा पुग्ने तथा पर्यटनमार्फत स्थानीय जनताको आर्थिक रूपान्तरणमा सहयोग पुग्ने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यक्रममा Saturday Plein Air and Workshop का दिपेशमान प्रधानले कार्यशालामा सिर्जना भएका चित्रहरूलाई बुकलेटका रूपमा प्रकाशन गर्न नगरपालिका अघि बढे आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो ।

मध्यपुर थिमि नगरपालिका वडा नं. ८ का नगर सभासद् सुरेन्द्र था श्रेष्ठले वडा कार्यालयले सञ्चालन गरिरहेका विभिन्न विकास तथा सामाजिक गतिविधिहरूबारे जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा सहभागी कलाकार, जनप्रतिनिधि तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति थियो । सात दिनसम्म सञ्चालन भएको कार्यशालामा मध्यपुरका सम्पदा, संस्कृति तथा जनजीवनलाई चित्रमार्फत प्रस्तुत गरिएको थियो ।

# "प्राज्ञिक अनुसन्धानले सुशासन र पारदर्शितामा सघाउँछ"

काठमाडौँ, ३१ जेठ । अनुसन्धान क्षेत्रका विज्ञहरूले प्राज्ञिक अनुसन्धानले देशको शैक्षिक विकासका अतिरिक्त मुलुकको बृहत्तर क्षेत्रको दिगो विकासका साथै सुशासन र पारदर्शिताको स्थापनामा समेत सहयोग पुऱ्याउने बताएका छन् । उनीहरूले वैज्ञानिक विधि अपनाएर गरिएका यस्ता अनुसन्धानबाट प्राप्त निष्कर्ष एवं सुझावले नीतिनिर्माण, योजना तर्जुमा र विकासका कार्यक्रमहरू निर्माण तथा सञ्चालन गर्न सहयोग पुग्ने धारणा राखेका हुन् ।

नेपाल फिलोसफिकल रिसर्च सेन्टर (एनपीआरसी) र अनुसन्धानदाता समाजद्वारा भक्तपुरमा आयोजित अनुसन्धानदाताहरूको दुईदिने दोस्रो राष्ट्रिय सम्मेलनको समापनका अवसरमा आइतबार धारणा राख्दै उनीहरूले शिक्षा, स्वास्थ्य, कृषि, समाज, राज्यको सेवा प्रवाहको आवश्यकता र अवस्था, प्रविधि, वातावरणलगायतका कैयौँ क्षेत्रमा गरिने अनुसन्धानले विद्यमान समस्याको पहिचान गरी समाधानका नयाँ उपाय सुझाउने हुन् ।

वैज्ञानिक र तथ्यमा आधारित अनुसन्धानलाई प्राथमिकता दिन सकिएमा देशको आर्थिक तथा सामाजिक विकासले थप गति लिने भएकोले विश्वविद्यालयहरूमा अनुसन्धानमैत्री वातावरण निर्माण गर्नुपर्ने सुझाव उनीहरूको थियो ।

वैज्ञानिक तवरबाट गरिएका प्राज्ञिक अनुसन्धानहरूले मुलुकको शैक्षिक उन्नयनमा योगदान पर्याउनु त छँदै छ, यसबाट देशको विकास र सुशासनका क्षेत्रमा पनि ठूलो सघाउ पुग्ने धारणा वरिष्ठ अनुसन्धानदाता डा. दशरथ न्यौपानेले राख्नुभयो । एनपीआरसीका उपाध्यक्ष डा. न्यौपानेले नेपालमा यस्तो वातावरणको बन्न नसकेको चर्चा गर्दै भन्नुभयो, "राज्यको नीतिनिर्माण, नयाँ योजना या कार्यक्रम सञ्चालन, राज्यले प्रदान गर्दै आएका सेवाहरूको प्रभावकारिता लगायतका क्षेत्रमा गरिने राम्रो अनुसन्धानले सुशासन र पारदर्शिता स्थापनामा सहयोग गर्छ ।"

अनुसन्धानदाता डा. जनार्दन घिमिरेले नेपालमा 'आइएसओ ९००१ सर्टिफिकेट' सम्बन्धी अनुसन्धान प्रस्तुत गर्दै सुशासन कायम गर्न तथा उपभोक्ता अधिकारको संरक्षण गर्न यो अन्तर्राष्ट्रिय मापदण्डको महत्त्व रहेको भए पनि यसको उचित पालना हुन नसकेको बताउनुभयो ।

राज्यभित्रका कैयौँ अनियमितता, राष्ट्रिय आवश्यकता र अन्य कैयौँ सान्दर्भिक विषयमा हुने गरेका यस्ता अध्ययनहरू विश्वविद्यालयका पुस्तकालयहरूमा थन्किएर रहने गरेकाले ती अनुसन्धानदाताबाट राज्यले लाभ पनि लिनसक्ने उनीहरूको सुझाव थियो ।

एनपीआरसीका अध्यक्ष डा. तेजबहादुर कार्कीले भन्नुभयो, "प्राज्ञिक अनुसन्धानहरूको प्रयोजन सम्बन्धित विद्यार्थी या शोधार्थी दीक्षित हुने नै हो, तर वर्षौं लगाएर, वैज्ञानिक विधि अपनाएर सूक्ष्म ढङ्गबाट गरिएका ती अनुसन्धानका निष्कर्षलाई राज्यले सार्वजनिक सम्पत्तिका रूपमा कसरी लिन सकिन्छ भन्नेबारेमा सोच्दा राम्रो हुन्छ ।"

एनपिआरसीका अनुसन्धान निर्देशक डा. दीपक महतले अनुसन्धान क्षेत्रलाई व्यापक बनाई राष्ट्रलाई योगदान दिनुपर्छ भन्ने उद्देश्यले एनपीआरसीको स्थापना गरिएको स्मरण गर्दै अनुसन्धानलाई व्यक्तिगत लाभका रूपमा नभएर राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा लगाउनुपर्ने बताउनुभयो ।

अनुसन्धानलाई प्राथमिकता दिएका कारण नै विश्वका धेरै मुलुक विकासको गतिमा अगाडि बढेका बताउँदै एनपीआरसीका संस्थापक डा. कृष्णप्रसाद धिताल, अथर्व बिजनेस कलेजका प्राचार्य डा. हिरालाल श्रेष्ठ, डा. महेश्वरप्रसाद इँदव, डा. माला खरेल, डा. लता घिमिरेलगायतले अनुसन्धान क्षेत्रलाई राज्यले नै प्राथमिकतामा राख्नुपर्ने सुझाव दिनुभयो ।

सम्मेलनमा विभिन्न विश्वविद्यालयबाट विद्यावारिधि तथा महाविद्यावारिधि (पोस्ट डक्टोरेट) गर्नुभएका ५० भन्दा बढी अनुसन्धानदाताको सहभागिता थियो । त्यस अवसरमा महाविद्यावारिधि (पोष्ट डक्टोरेट) गर्नुभएका विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको थियो । ***(रासस)***

# विश्वकप फूटबल : २८ वर्षपछि पुनरागमन गरेको स्कटल्यान्डले हाइटीलाई हरायो

काठमाडौँ, ३१ जेठ । हाइटीलाई पराजित गर्दै स्कटल्यान्डले फिफा विश्वकप फूटबल प्रतियोगिता २०२६ मा सुखद सुरुआत गरेको छ ।

अमेरिकाको बोस्टन स्टेडियममा आइतबार सम्पन्न समूह 'सी' को खेलमा स्कटल्यान्डले हाइटीलाई १-० गोलअन्तले पराजित गर्दै विश्वकपको आफ्नो उद्घाटन खेलमा सुखद सुरुआत गरेको हो । २८ वर्षपछि विश्वकपमा फर्किएको स्कटल्यान्डले जितसँगै शीर्ष तीन अङ्क जोडेको छ । स्कटल्यान्डले पछिल्लो पटक सन् १९९८ मा विश्वकप खेलेको थियो । त्यसपछि लगातार छनोट हुन सकेको थिएन ।

स्कटल्यान्डको जितमा जोन म्याकगिनलले गरेको एक गोल नै निर्णायक गोल साबित भयो । उनले खेलको पहिलो हाफको २८ औँ मिनेटमा गोल गरे ।

समूह 'सी' अन्तर्गत आइतबार बिहान सम्पन्न खेलमा पाँच पटकको विश्वकप विजेता ब्राजिलले मोरक्कोसँग १-१ गोलको बराबरी खेल्दै अङ्क बाँडेको थियो । यस समूह 'सी' मा स्कटल्यान्ड तीन अङ्कका साथ शीर्ष स्थानमा छ भने मोरक्को एक अङ्कका साथ दोस्रो स्थानमा छ ।

त्यस्तै, समान एक अङ्क नै बटुलेको ब्राजिल तेस्रो स्थानमा छ । अङ्कविहीन रहेको हाइटी चौथो स्थानमा छ ।

विश्वकपअन्तर्गत आइतबारै समूह 'डी' को खेलमा अस्ट्रेलिया र टर्कीबिच प्रतिस्पर्धा हुनेछ । क्यानडाको भ्यानकुभर स्टेडियममा हुने उक्त खेल अहिले बिहान ९:४५ बजेदेखि सुरु हुनेछ । आइतबार हुने अर्को समूह 'ई' को खेलमा जर्मनी र कुराकाओबिच भिडन्त हुनेछ । उक्त खेल राति १०:४५ बजे हुनेछ । ***(रासस)***

# आत्मरक्षा तालिम सम्पन्न

मध्यपुर थिमि, ३१ जेठ । मध्यपुर थिमि नगरपालिका वडा नं. ८ को आयोजनामा सञ्चालन गरिएको आत्मरक्षा तालिम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा वडा नं. ८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठले सहभागीहरूलाई अरूको मिठो बोलीमा नफस्न, सामाजिक सञ्जालको सही सदुपयोग गर्न तथा आत्मरक्षा तालिमको दुरूपयोग नगर्न आग्रह गर्नुभयो । उहाँले तालिमबाट सिकेका ज्ञान र सीपलाई व्यवहारिक जीवनमा प्रयोग गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा वडा सदस्य तथा आत्मरक्षा तालिमका संयोजक सुरेन्द्र था श्रेष्ठले सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्दै आफूले सिकेको कुरा अरूलाई पनि सिकाउनु ज्ञानको विस्तार भएको बताउनुभयो । उहाँका अनुसार महिला समूह, निमावि शिक्षक-शिक्षिका, गृहिणी तथा सातवटा विद्यालयका विद्यार्थी गरी करिब १५० जना सहभागीहरूले तालिम प्राप्त गरेका छन् ।

आत्मरक्षा तालिमका प्रशिक्षक पद्मा खयरगोलीले समाजमा भइरहेका विभिन्न सामाजिक घटना तथा हिंसाको सामना गर्न आवश्यक सीप र प्रविधिबारे प्रशिक्षण दिइएको जानकारी दिनुभयो । उहाँले पूर्ण रूपमा सेल्फ डिफेन्स तालिम हासिल गर्न कम्तीमा सात दिनको प्रशिक्षण आवश्यक पर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागी विद्यार्थी तथा शिक्षकहरूले समाजमा हुने अपराधका घटनामा अपराधीलाई कानुनबमोजिम कारबाही गराउन सबैले पहल गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

उक्त तालिमले सहभागीहरूमा आत्मविश्वास वृद्धि गर्नुका साथै आत्मसुरक्षासम्बन्धी ज्ञान र सीप विकास गर्न महत्त्वपूर्ण योगदान पुगेको आयोजकले जनाएको छ ।

# एकहप्ते स्वश्रृङ्गार तालिम




भक्तपुर, ३१ जेठ । बाराही बचत तथा ऋण सहकारी संस्था लि.को महिला उपसमितिको आयोजनामा भएको एकहप्ते स्वश्रृङ्गार तालिमको समापन कार्यक्रम आइतबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष राधेश्याम सुवालले तालिमबाट व्यक्तिको बाह्य रूपरेखा मात्र नभई उसको आन्तरिक आत्मविश्वास, व्यक्तित्व र व्यवसायिकतामा पनि निखार ल्याउनुका साथै आत्मविश्वास बढ्ने बताउनुभयो ।

संस्थाका व्यवस्थापक शिवजी हाकुदुवाल, प्रशिक्षक अमिता त्वाती, संस्थाका कर्मचारी कृष्णसुन्दर त्वायना, महिला उपसमितिका सदस्य गीता साख बाडे, उपसमितिका संयोजक चञ्चल कर्माचार्यलगायतले तालिमको उपादेयताबारे बोल्नुभएको थियो ।

# पानी नपर्दा धानको ब्याड राख्न ढिलाइ

राँझा (बाँके), ३१ जेठ । जेठ महिनाको अन्त्य हुँदा पनि पर्याप्त पानी नपर्दा बाँकेमा धानको ब्याड राख्न ढिलाइ भएको छ । आकाशे पानीको भरमा धानखेती गर्दै आएका जिल्लाका अधिकांश किसानले धानको ब्याड राख्न नपाएको नेपालगञ्ज-१९ सुइयागाउँका किसान ललवा माहुतले बताउनुभयो ।

सिँचाइको व्यवस्था नभएकोले किसानले धान रोप्न आकाश हेरेर बस्नु पर्ने बाध्यता रहेको उहाँको भनाइ छ ।

"धान खेतीका लागि आवश्यक सिँचाइ, बीउ र मल नपाउँदा बर्सेनि गरिखाने किसानले दु:खमाथि दु:ख झेल्नुपर्ने बाध्यता छ," उहाँले सुनाउनुभयो ।

बाँकेमा सिँचाइ सुविधा नपुगेको क्षेत्रमा घरायसी प्रयोजनका लागि राखिएका मोटर र कतिपय क्षेत्रमा खानेपानीको धाराको पानी प्रयोग गरेर पनि बीउको ब्याड राखिएको छ ।

बाँकेमा सिँचाइको सुविधा पुगेको र वैकल्पिक उपाय गरेर हालसम्म करिब ४० प्रतिशत किसानले मात्रै धानको बीउ ब्याड राखेको कृषि ज्ञान केन्द्र बाँकेकी सूचना अधिकारी सुजिता शर्माले जानकारी दिनुभयो ।

यहाँ सिक्टा सिँचाइ आयोजनाको नहरबाट कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिकाका र राप्तीसोनारी गाउँपालिकाका केही वडामा सिँचाइको व्यवस्था भए पनि अधिकांश किसान अहिले पनि आकाशे पानीको भरमा धानखेती गर्न बाध्य छन् । ***(रासस)***

***ख्वप....***

विश्वविद्यालयका प्राध्यापक डा. भोजराज अर्याल, भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपाने र गोर्खा इको प्यानलका प्रमुख तथा उद्यमी ई. सुरेश कवांको उपस्थितिमा छलफल भयो ।

कार्यक्रमका सहजीकरणकर्ता एवं कलेजका उप-प्राध्यापक रामेश्वरी बखुन्छेँले विज्ञहरूमाझ उद्यमशीलता प्रवर्द्धन, उद्योग-शिक्षा सहकार्य, नवप्रवर्तन तथा स्टार्टअप संस्कृतिको विकासका विविध पक्षमा प्रश्न राखी अन्तरक्रियात्मक छलफल भयो ।

त्यस अवसरमा सहभागी विद्यार्थीहरूले उद्यमशीलतासम्बन्धी उपस्थित विज्ञहरूमाझ विभिन्न जिज्ञासाहरू राखेका थिए ।

कार्यक्रमले शैक्षिक संस्था र उद्योग क्षेत्रबिचको सम्बन्धलाई थप सुदृढ बनाउँदै विद्यार्थीहरूमा उद्यमशील सोचको विकास गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको थियो ।

कार्यक्रममा शिक्षक/प्राध्यापक, उद्योग क्षेत्रका प्रतिनिधि तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिताबिच अन्तरक्रियात्मक कार्यक्रम भयो । कार्यक्रममा कलेजमा उपप्राध्यापक सुनिता गाइसीले पनि बोल्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

## एक्काइस किलो गाँजासहित एक जना पक्राउ

सिरहा, ३१ जेठ। सुखीपुर नगरपालिका–८ स्थित सुखीपुर बजारबाट २१ किलो गाँजासहित एक जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशबहादुर पालका अनुसार धनगढीमाई नगरपालिका–१४ का उमेशकुमार मगरलाई शनिबार पक्राउ गरिएको हो।

लागूऔषध नियन्त्रण ब्यूरोबाट परिचालन भएको प्रहरी टोलीले शङ्का लागेर मोटरसाइकलमा सवार मगरको खानतलासी गर्दा निजबाट उक्त परिमाणको गाँजा बरामद भएको हो। *(रासस)*

## ट्राफिक कारबाहीमा चार लाख ५८ हजार राजस्व सङ्कलन

काठमाडौँ, ३१ जेठ। बितेका २४ घण्टामा दुई हजार ४०८ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन्। यसबाट राज्यकोषमा रु. चार लाख ५८ हजार राजस्व दाखिला भएको छ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेका १४०, नियमविपरीत 'राइड सेयरिङ' गरेका ११६, सङ्केत बत्ती उल्लङ्घनकर्ता १३८ र तीव्रगतिमा सवारीसाधन हुइँक्याएका २८४ जनालाई कारबाही गरिएको हो।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ८५, निषेधित क्षेत्रमा हर्न बजाउने १०६, सडक पेटीमा सवारीसाधन 'पार्किङ' गर्ने १२४, एकतर्फी सडकमा सवारी चलाउने ११६ र अन्य सवारी नियम पालना नगरेका एक हजार ३३५ जनालाई कारबाही गरिएको हो। *(रासस)*

## लोकसेवा आयोगको ७६ औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा प्रभातफेरी

काठमाडौँ, ३१ जेठ। लोकसेवा आयोगको ७६ औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा आइतबार प्रभातफेरी निकालिएको छ। कमलपोखरीस्थित लोकसेवा आयोगको केन्द्रीय कार्यालयबाट सुरु भएको प्रभातफेरी चारखाल, डिल्लीबजार, पुतलीसडक, हात्तीसार चोक हुँदै आयोगको कार्यालयमा पुगेर समापन भएको थियो।

प्रभातफेरीको समापनमा आयोगका अध्यक्ष माधव रेग्मीले एक पटकका लागि शैक्षिक योग्यतामा सुविधा दिने, पुरानालाई अवसर दिने र आन्तरिक प्रतिस्पर्धा गर्ने भन्ने विषयलाई आयोगले स्वीकार नगर्ने बताउनुभयो। "त्यो भनेको प्रतिस्पर्धात्मक सिद्धान्तका विपरीतका विषयहरू हुन्, प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता लोक सेवा आयोगको मूल मर्म हो", उहाँले भन्नुभयो।

आयोगले नेपालको संविधानअनुसार निजामतीका साथै सरकारी र सुरक्षा निकाय र सङ्गठित संस्थाहरूको पनि पदपूर्तिको जिम्मेवारी बहन गर्दै आइरहेको अध्यक्ष रेग्मीले बताउनुभयो। *(रासस)*

## विद्यालयमा 'महिनावारी आराम कक्ष' स्थापना

मान्म (कालीकोट), ३१ जेठ। कालीकोट जिल्लाको रास्कोट नगरपालिकामा सामुदायिक विद्यालयमा 'महिनावारी आराम कक्ष' स्थापना गरिएको छ। नगरपालिकाका चार माध्यमिक विद्यालय र ६ वटा आधारभूत विद्यालयमा महिनावारी आराम कक्ष स्थापना गरिएको हो।

महिनावारीको समयमा तथा बिरामी हुँदा छात्राहरूलाई विद्यालय नियमित रूपमा जानका लागि महिनावारी आराम कक्षको स्थापना गरिएको हो। विद्यालयमा महिनावारी आराम कक्ष स्थापना भएपछि नियमित स्कूल जानका लागि सहज भएको बडिमालिका माध्यमिक विद्यालय रास्कोटका कक्षा ९ मा अध्ययनरत छात्रा कल्पना शाहीले बताउनुभयो।

"महिनावारी भएका बेला हरेक महिना पाँच दिन विद्यालय जान असहज हुने गरेको थियो", उहाँले भन्नुभयो, "विद्यालयमा पढ्दै गर्दा पेट दुख्ने, रिङ्गटा लाग्ने हुन्थ्यो। अहिले विद्यालयमै महिनावारी आराम कक्ष स्थापना भएपछि नियमित पढ्न जान थालेकी छु।"

विद्यालयको महिनावारी आराम कक्षमा आवश्यक स्यानेटरी प्याड, सफा पानी, प्राथमिक उपचार साम्रगी, आराम गर्ने बेड तथा सरसफाइका साम्रगी व्यवस्था हुँदा स्वास्थ्यमा सहज र नियमित स्कुलमा छात्राको उपस्थित हुने गरेको बडिमालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक पुष्पराज बरालले जानकारी दिनुभयो।

"किशोरी विद्यार्थीलाई महिनावारी भएको समयमा सहज वातावरण प्रदान गर्न विद्यालयमै महिनावारी आराम कक्ष स्थापना गरिएको हो", उहाँले भन्नुभयो, "महिनावारीका बेला हुने शारीरिक असहजता, पेट दुख्ने, कमजोरी तथा मानसिक तनावलाई मध्यनजर गर्दै विद्यालयमा आराम कक्ष सञ्चालनमा ल्याउँदा अहिले किशोरीहरू नियमित पढ्न आउन थालेका छन्।"

नगरकापालिकाका चारवटा माध्यमिक र छवटा आधारभूत विद्यालयमा महिनावारी आरम कक्ष स्थापना गरिएको रास्कोट महिनावारी स्वास्थ्य र खानेपानी तथा सरसफाइ स्वच्छता सुधार परियोजनाका संयोजक सूर्यबहादुर रोकायाले बताउनुभयो। *(रासस)*



**यार्सागुम्बा टिप्दै स्थानीय बासिन्दा**

जुम्लाको पातारासी गाउँपालिका- २ का स्थानीय बासिन्दा मुगुको मुगुम कार्मारोङ गाउँपालिकाको माजिनथान पाटनमा यार्सागुम्बा टिप्दै। *तस्बिर: विजय रावत/रासस*

# राष्ट्र बैङ्कको अध्ययन : औद्योगिक क्षेत्रमा दक्ष जनशक्तिको अभाव

काठमाडौँ, ३१ जेठ। मुलुकको औद्योगिक क्षेत्रका लागि दक्ष जनशक्तिको अभाव, कच्चा पदार्थ र उत्पादित वस्तुका लागि उपयुक्त बजार नहुनुलाई प्रमुख समस्याका रूपमा चित्रण गरिएको छ।

नेपाल राष्ट्र बैङ्कले गरेको अध्ययनअनुसार पर्याप्त पुँजीको अभाव, उच्च उत्पादन लागत, प्रविधिगत पछौटेपन, पूर्णक्षमताको अभाव, जनशक्ति पलायन, पर्यावरणमैत्री उद्योगको व्यवस्थापन र सञ्चानलाई पनि चुनौतीका रूमपा लिइएको हो।

औद्योगिक पूर्वाधार निर्माणलाई तीव्रता दिनु, औद्योगिक उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्नु, कच्चा पदार्थको उचित प्रबन्ध गर्नु, स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, निर्यातजन्य वस्तुको विवधीकरण गर्नुलगायत चुनौती औद्योगिक क्षेत्रमा रहेका नेपाल राष्ट्र बैङ्कको अध्ययनले देखाएको छ।

केन्द्रीय बैङ्कले हालै सार्वजनिक गरेको 'चालू आर्थिक वर्षको अर्धवार्षिक प्रतिवेदन'अनुसार कर्णाली प्रदेशमा स्थापना भएका उद्योगमा पुँजी अभाव तथा बजारीकरणको समस्या रहेको छ। स्थापित उद्योग एवम् कलकारखानालाई पलायन हुनबाट रोक्नु, ठुलो सङ्ख्यामा युवा वैदेशिक रोजगारीमा जाने गरेकाले उद्योगमा आवश्यक प्रविधिक सीपयुक्त जनशक्तिको व्यवस्थापन गर्नु चुनौती देखिएको छ।

न्यून औद्योगिक पूर्वाधारका आधारमा वैदेशिक लगानी आकर्षण गरी उद्योगका लागि आवश्यक पुँजीको व्यवस्थापन गर्नु, उत्पादित वस्तुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातीत वस्तुसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउनु पनि कठिनाइका रूपमा लिइएको छ।

अध्ययनअनुसार सुदूरपश्चिम प्रदेशमा भारतसँगको खुला सीमानाकाका कारण हुनसक्ने सम्भावित भन्सार छली, अवैध पैठारीलगायत गतिविधि नियन्त्रण गरी स्थानीय उत्पादन र औद्योगिक गतिविधि प्रवर्द्धन गर्नु चुनौतीका रूपमा रहेको छ। उद्योगधन्दा सञ्चालनका लागि आवश्यक पर्ने दक्ष र प्राविधिक जनशक्तिको अभाव, कमजोर पूर्वाधार, निर्यातयोग्य वस्तुमा विधिकरणको कमी, न्यून उत्पादकत्व र निर्यात क्षमता पनि कमजोर पनि चुनौतीका रूपमा छन्।

स्वदेशी वस्तुको उत्पादन लागत बढी हुनु, कमजोर औद्योगिक पूर्वाधार तथा स्थानीयस्तरमा उपलब्ध प्राकृतिक स्रोत तथा साधनको सदुपयोग हुन नसक्नु पनि चुनौतीका रूपमा रहेका छन्। अध्ययनअनुसार मुलुकको औद्योगिक क्षेत्रमा उल्लेख्य सम्भावना रहेको छ। जलविद्युत् उत्पादनमा भइरहेको विस्तार, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकता राखेको अध्ययन प्रतिवेदनमा जनाइएको छ।

कृषि उपजको उत्पादन, जडिबुटीको उपलब्धता, खानीलगायत खानीजन्य पदार्थको सम्भाव्यतासमेत रहेको सन्दर्भमा उद्योग क्षेत्र विकासको प्रचुर सम्भावना छ। त्यसैगरी, बढ्दो सूचना प्रविधिको प्रयोग र उपयोगसँगै सफ्टेवयर विकास, सूचना प्रविधि सेवा तथा 'आउटसोर्सिङ' (बाह्य स्रोत परिचालन) उद्योगको विकास गर्ने सम्भावना उच्च छ।

मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसङ्ख्या भएको प्रदेश भएकाले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेस प्रदेशमा उद्योग स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने अध्ययनले देखाएको छ।

वाग्मती प्रदेशमा कृषि तथा पशुपालनमा आधारित उद्योगको प्रचुर सम्भावना रहेकाले मासुजन्य उत्पादन, दुग्धजन्य उत्पादन, खाद्य प्रशोधन, जडिबुटी प्रशोधनलगायत साना तथा मझौला उद्योग स्थापना गर्न सकिनेछ। अधिक तरलता तथा न्यून ब्याजदर रहेको अवस्थामा बैङ्क तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गर्ने वातावरण सिर्जना गरेमा औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने जनाइएको छ।

त्यस्तै, डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको अध्ययन अनुसन्धान गर्न सकिनेछ। विदेशबाट फर्किएका नेपालीको सीपअनुसारको व्यवसाय सञ्चालनमा प्रोत्साहित गरी उत्पादन र रोजगारी अभिवृद्धि हुनसक्ने छ। *(रासस)*

# बन्द हुँदै चिया उद्योग, समस्यामा किसान

इलाम, ३१ जेठ। भारतले नेपाली चियामा कडाइ गरेपछि इलामको सूर्योदय क्षेत्रका चिया उद्योग बन्द हुने भएका छन्। त्रिपन्न उद्योग आबद्ध रहेको सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसन नेपालले आगामी असार १ गतेदेखि उद्योग बन्द गर्ने घोषणा गरेको छ।

संस्थाका अनुसार भारतीय बजारमा पुगेको तीन लाख किलोभन्दा बढी नेपाली चिया गुणस्तर परीक्षणका नाममा अलपत्र छ भने उद्योगमा सात लाख किलोभन्दा बढी तयारी चिया थन्किएको छ। भण्डारण क्षमता भरिएपछि उद्योग सञ्चालन गर्न नसकिएको एसोसिएसन अध्यक्ष डिल्ली श्रेष्ठले बताउनुभयो।

"किसानबाट खरिद गरिएको हरियोपत्ती प्रशोधन गरेर तयारी चिया बनाएका छौँ, तर बजारमा बिक्री हुनसकेको छैन। भण्डारण गर्ने ठाउँसमेत भरिसकेको छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "किसानलाई भुक्तानी रोक्न मिल्दैन, त्यसैले उद्योग बन्द गर्नुबाहेक अर्को विकल्प रहेन।"

उद्योगी गोपाल कट्टेलले भन्नुभयो, "भारतले विभिन्न प्राविधिक झन्झट सृजना गरेर नेपाली चिया रोकेपछि उद्योग सञ्चालन गर्न सक्ने अवस्था रहेन।" नेपाली चियाको निर्यात समस्या समाधान गर्न सङ्घीय सरकारले प्रभावकारी रूपमा पहल गर्नुपर्ने उहाँको भनाइ छ। "सरकारले समयमै कूटनीतिक पहल गरेर निर्यात सहजीकरण गर्न पहल गर्नुपर्छ"।

उद्योग बन्द हुँदा हजारौँ किसान प्रभावित हुनेछन्। एसोसिएसनका अनुसार सूर्योदय नगरपालिकामा दुई हजार ९९५ चिया किसान छन्। यहाँ ३३ हजार ६५५ रोपनी क्षेत्रफलमा चियाखेती हुँदै आएको छ, जहाँबाट वार्षिक दुई करोड किलो हरियोपत्ती उत्पादन हुन्छ।

"उद्योग बन्द भयो भने आम्दानी नै रोकिन्छ, परिवार कसरी चलाउने? हाम्रो त रोजिरोटी हराउँछ", किसान राजन भट्टराई भन्नुहुन्छ, "उद्योग बन्द भएपछि हाम्रो हरियोपत्ती बिक्दैन। अब कसरी बाँच्ने भन्ने चिन्ता बढ्यो।"

पैसठ्ठभन्दा बढी चिया उद्योग रहेको सूर्योदय नगरपालिकाले चिया बिक्रीका लागि भारतीय अवरोध खुला गर्न तत्काल उच्चस्तरीय कूटनीतिक पहलका लागि परराष्ट्र मन्त्रालयसँग माग गरेको छ। नगरले भारतको कोलकाता पुगेका नेपाली चियाका 'कन्साइनमेन्ट' माथि भारतीय चिया बोर्डले आयातकर्ताको गोदाममै प्रवेश गरी प्रत्येक बोराको नमुना सङ्कलन र परीक्षण गर्न थालेको तथा आधा दर्जनभन्दा बढी ट्रकबाट नमूना सङ्कलन गरिएको एक साता व्यतित भइसक्दा पनि प्रयोगशालाको प्रतिवेदन प्राप्त नभएर प्रतिवेदनबेगर बिक्री-वितरण पूर्ण रोक लगाइएको पाएको जनाएको छ।

"झन्झटिलो प्रक्रियाका कारण गुणस्तरीय नेपाली चिया भारतीय गोदाममै थन्किएर गुणस्तर ह्रास हुने र बिग्रिने जोखिम छ", सूर्योदय नगरपालिकाका कार्यवाहक प्रमुख दुर्गाकुमार बरालले भन्नुभयो, "भारतीय अवरोध हटाउन नेपाल सरकारले उच्चस्तरीय कूटनीतिक पहल गर्नुपर्छ।"

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका नवीन कोइरालाका अनुसार नेपालबाट बर्सेनि ७० लाख किलोभन्दा बढी अर्थोडक्स तयारी चिया निर्यात हुन्छ। जसको ९० प्रतिशतभन्दा बढी भारतीय बजारमा जाने गरेको छ। वार्षिक सवा रु चार अर्ब बढीको तयारी चिया निर्यात हुने नेपालमा अर्थोडक्स चिया मुख्यतः इलाम, पाँचथर र धनकुटामा उत्पादन हुन्छ। *(रासस)*

। सम्पादकीय ।

# समाज बदल्नुपर्छ भन्ने भावना जगाउन आवश्यक

हरेक सरकार र राजनीतिक दलको उद्देश्य समाज बदल्ने हो; समाज बदल्न आवश्यक तयार गर्ने हो । समाज नबदलेसम्म विकासको उचाइमा पुग्दैन, जनताको जीवनस्तर माथि उठ्दैन । समाज बदल्न जनतामा व्यापक जनतालाई सचेत र सङ्गठित गर्नुपर्छ । राजनीतिक चेतना र सांस्कृतिक स्तर उठाउने काम विशेषत: कम्युनिस्ट पार्टी या वामपन्थी पार्टीले गर्नुपर्छ । पुँजीपतिवर्गले पुँजीवादी व्यवस्था बदल्दैन; बदल्ने काम गर्दैन । अहिलेको राजनीतिक व्यवस्था पुँजीवादी व्यवस्था हो । पुँजीवादी व्यवस्थालाई निरन्तरता दिनु उनीहरूको धर्म हो । उनीहरू पुँजीवादी व्यवस्था फाल्न लाग्दैनन् बरू अझ बलियो बनाउन लाग्छन् ।

रास्वपाको नेतृत्वमा बनेको सरकार पनि कम्युनिस्टविरोधी सरकार हो । कम्युनिस्टविरोधी सरकारले व्यापक जनता या श्रमजीवीवर्गको हित गर्दैन; श्रमजीवीवर्गको पक्षमा ऐन कानुन बनाउँदैन । पुँजीवादी शासकहरू पुँजीवादी व्यवस्था कायम गर्न साना-तिना सुधारात्मक काम गर्छन् । पहिलेको सरकारभन्दा 'राम्रो' सरकार देखाउन पहिलेको सरकारले नगरेको काम गर्न हौसिन्छन् या फरक ढङ्गको काम गर्न अघि बढ्छन् । यो सरकारले जस्तोसुकै राम्रो काम गर्न र गराउन प्रयत्नशील रहे पनि पुँजीपतिवर्ग र सामन्तवर्गकै सेवा गर्छ भन्नेमा शङ्का छैन । कुनै सरकारले दुई-चारवटा नयाँ सुधारात्मक कार्य गर्दैमा समाज परिवर्तन हुने होइन; बहुमत जनताको सेवा हुने होइन ।

कम्युनिस्ट पार्टी र कम्युनिस्टहरूको उद्देश्य समाज परिवर्तन हो; शोषणरहित समाज स्थापना गर्नु या आमूल परिवर्तन गर्नु हो । तर, आमूल परिवर्तन तुरून्तै हुने होइन । आमूल परिवर्तनको निम्ति व्यापक जनतालाई समाज बदल्नुपर्छ, समाज नबदलीकन जनताको हित हुनेछैन भन्ने कुरा बुझाउनुपर्छ । त्यो बुझाउने काम कम्युनिस्ट कार्यकर्ता या वामपन्थीहरूको हो । यसका लागि कम्युनिस्ट कार्यकर्ताहरू जनताबिच पुगिरहनुपर्छ; जनतामाझ गएर, भिजेर साङ्गठनिक क्रियाकलाप गरिरहनुपर्छ । अझै कति शिक्षित, बुद्धिजीवी, लेखक, प्राध्यापकहरूमा भ्रम छ - दल ठुलो हुनु नै सच्चाइको आधार हो भन्नेतर्फ । जनताले नै ठुलो दल बनाएको उनीहरू स्वीकार्छन् । निर्वाचनमा जनताले चुनेको ठुलो दललाई नै सही मान्ने हो भने पहिले रास्वपाको नीति गलत थियो भनी सम्झनुपर्‍यो । पहिले पालैपालो नेका, एमाले र माओवादी ठुलै दल बनेका थिए । त्यसबेला ती दलहरू ठीक, अहिले बेठीक कसरी भन्ने ! त्यसबेला पनि जनताले दल ठुलो बनाएकै हुन् ।

जनताले दलको सिद्धान्त र विचार बुझेर, अध्ययन गरेर नेका, एमाले र माओवादीलाई जिताएका होइनन् । अहिले रास्वपाको दल ठुलो भएको छ । तर, सत्य के हो भने जनताले रास्वपाको सिद्धान्त र विचार अध्ययन गरेर मतदान गरेका होइनन् । रास्वपामा निर्वाचित धेरै सांसदहरू राजनीतिमा भिजेका होइनन् । रास्वपाको सिद्धान्त र विचार बुझेर उम्मेदवार भएका होइनन् । उनीहरू साँच्चै परिवर्तन चाहँदैनन्; परिवर्तनको निम्ति लाग्दैनन् ।

कुन दल ठीक र बेठीकको आधार पुरानो र नयाँ दल पनि होइन । सही सिद्धान्त र विचारको आधार नयाँ र पुरानो दल होइन । कुनै पुरानो सत्तारूढ दलको सिद्धान्त गलत हुँदैमा सबै पुरानो दललाई उही दृष्टिले हेर्नु मनासिब हुँदैन । रास्वपा नयाँ दल होइन, रास्वपाका नेताहरू नयाँ होइनन् । नयाँ दल र नयाँ दलका नेता, मन्त्री, सांसद र कार्यकर्ताहरूमा जोश, जाँगर हुनु स्वाभाविक हो । उनीहरू काम गर्न हतारिन्छन्; आफूलाई सही व्यक्ति देखाउन अनेक प्रयास गर्छन् । अहिले पनि समाजमा सामन्ती अवशेष बाँकी छ । त्यसलाई पूर्णत: अन्त्य गर्नुपर्छ । त्यस्तै पुँजीपतिवर्गको व्यवस्था पनि बदल्नुपर्छ । अत: जनतामा समाज बदल्नुपर्छ भन्ने भावना जगाउनुपर्छ; जगाउन अभिप्रेरित गरिरहनुपर्छ । यस्तो काम सामन्तवर्ग र पुँजीपति वर्गको पार्टी र सरकारले गर्दैनन् ।

निर्वाचनमा हार जितका अनेक कारण हुन्छन् । निर्वाचनमा झूटको खेती हुन्छ । पैसाको राजनीति हुन्छ । लहैलहैमा मतदान गरिएको हुन्छ । बहुमत जनता राजनीतिक र वैचारिकरूपले स्पष्ट नभएसम्म, सचेत र सङ्गठित नभएसम्म, श्रमजीवीवर्गको हित हुने समाजवादी व्यवस्था चाहिन्छ भन्ने भावनाले सिञ्चित नभएसम्म यो पुँजीवादी व्यवस्थामा अनेक चलखेल, तिकडम, षड्यन्त्र, साम, दाम, दण्ड र भेदको राजनीति भइरहेको हुन्छ । समाजवादी व्यवस्थामा श्रमजीवीवर्गको हितमा ऐन कानुन बनाइएको हुन्छ; काम-मामको व्यवस्था गरिएको हुन्छ; स्वास्थ्योपचार, शिक्षा नि:शुल्क गरिएको हुन्छ । अपराधीहरू सजायभागी हुन्छन् । सबैले न्याय, समानता पाउन, व्यक्तित्व विकास गर्ने अवसर पाउन आमूल परिवर्तन अपरिहार्य छ । त्यसकारण जनतामा समाज बदल्नुपर्छ भन्ने भावना जगाउनुपर्छ; सो भावना जगाउन कार्यकर्ताहरू निरन्तर खटिरहनुपर्छ ।

# नयाँ भेषमा लेन्डुप दोर्जे र जेलेन्सकीहरू हामीलाई स्वीकार्य छैन


सृजना सैंजू

यहाँ विभीषणहरूको शासन छ, हामीले त्यसै भनेका होइनौं । केही समयअघि देशमा परिवर्तनको नाममा विध्वंशको आगो झोसियो । त्यो खरानीको गन्ध अझै हराएको छैन । त्यो आगोको रापताप नसेलाउँदै आज फेरि देशमा सिक्किमीकरणको खतरा देखियो । ५० वर्षअघि सिक्किम भारतमा विलयको इतिहास हामीलाई थाहा छ । हिजोका शासकहरू भारतीय विस्तारवाद र एकाधिकार पुँजीतिर लम्पसार पर्थे । तर, आज देशलाई भारतीय कब्जाको खुलमखुला आह्वान भएको छ । भारतको सुरक्षा छातामा जाने शासक दलको नियत खुल्दै छ । यो हामीलाई किञ्चित स्वीकार्य छैन । नयाँ भेषमा लेन्डुप दोर्जे र जेलेन्सकीहरू हामीलाई स्वीकार्य छैन । यो जनताको आवाज हो । तसर्थ, प्रधानमन्त्रीले सार्वभौम संसद्मा दिएको देशघाती र आत्मघाती अभिव्यक्ति तुरन्त फिर्ता होस् । जनतासँग क्षमायाचना गरोस् ।

हामीले सुन्यौं, प्रधानमन्त्रीको अभिव्यक्तिपछि तुरुन्तै भारतीय एसडी मुनिले बधाई पठायो र "नेपालको सुस्ता भारतको भूमिमा छ" भन्ने दाबी गर्‍यो । प्रधानमन्त्री बोलेको भोलिपल्टै सुस्ताको तटबन्ध निर्माणमा भारतीय एसएसपी फोर्सले बाधा दियो । भारत र भारतीय मिडियाभर खुसियाली छायो । सिमानामा भारतीय एसएसबी फोर्सको दादागिरी भोगिरहेका नेपाली जनता थप प्रताडित छन् ।

नेपालमा भारतले लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायत रणनीतिक महत्त्वका ७१ बढी ठाउँमा ६० हजार हेक्टर बढी भूमि अतिक्रमणको प्रमाण हामीसँग छ । हाम्रा भूमिमा खडा भएका भारतीय सैन्य ब्यारेक र अखडाहरू प्रमाण हुन् । के आजसम्म नेपालले भारततर्फ कतै सेना तैनाथ गरेको छ ? के आधारमा आत्मघाती अभिव्यक्ति दिए प्रधानमन्त्रीले ? सिमानाका नेपालीमाथि एसएसबी फोर्सको ज्यादतीको कथा इतिहास जत्तिकै पुरानो र लामो छ । स्थानीय जग्गा खिचलो र राज्यस्तरको अतिक्रमण फरक हो भन्ने ज्ञान प्रधानमन्त्रीलाई नहुँदा हामीलाई निकै लज्जाबोध भएको छ ।

> **देशको श्रमशक्ति युवालाई विदेश पठाएर अब के हामी 'आरोग्य केन्द्रहरू' मात्र खोलेर बस्ने हो ? वास्तवमा युवाहरूलाई शिक्षा, रोजगारी र खेलमैदानहरूले स्वस्थ राख्छ, फूर्तिलो राख्छ । त्यतातर्फ नीति कार्यक्रम बोल्न सकेको छैन । डिजिटलाइजेसनको खुब चर्चा छ । तर, हिजोको संसद् बैठकको लाइभ या प्रत्यक्ष प्रशारणसमेत गर्न सकेन । अझ भिडियो क्वालिटी यति कम्सल देखिरहँदा डिजिटल प्रदेशको नारा पटक्कै नसुहाएको अनुभव हुन्छ ।**

आश्चर्यको कुरा त प्रधानमन्त्रीलाई त्यस्तो अभिव्यक्ति दिन कसले उक्सायो भन्ने हो । जेन-जी युवाको रगतले भिजेका हातहरूले त संसद्मा टेबल ठट्टाए ठट्टाए । प्रतिपक्षीसमेतले तत्काल नियमापतिको आवाजसमेत किन दिएनन् ? यसको जवाफ जनता खोज्दै छन् । सामाजिक सञ्जालमा समर्थनमा उर्लेको जमातले खतराको सङ्केत दिइरहेको छ । प्रधानमन्त्रीको भनाइ पुष्टि गर्न प्रमाण खोज्न हिँडेका पूर्वसेना, सांसद र तथाकथित बुद्धिजीवीबाट देशलाई खतरा छ । देशमा फासीवादको खतरा हो यो ।

हामी नीति तथा कार्यक्रमको छलफलमा छौं । यसमा 'हेलो सीएम डेस्क' को कुरा छ । हेलो सीएम ! देशको भू-अखण्डता, सार्वभौमिकताको सवालमा प्रदेश उभिन्छ कि उभिँदैन ? प्रदेशको सिमाना पनि देश हो कि होइन ? सीएम देशको पक्षमा बोल्नुपर्छ । अहिले बोल्नुपर्ने विषय यही हो ।

पुँजीवादमा सरकारलाई बजारले चलाउँछ । हाम्रोजस्तो देशमा विदेशी बजार अर्थात् एकाधिकार पुँजीले चलाउँछ, चाहे त्यो वस्तु बजार होस् चाहे श्रम बजार । नेपालमा नवउपनिवेशसहितको नवउदारवादी अर्थतन्त्र लामो समयदेखि हुर्किरहेको छ । यो आक्रामक बन्दै छ । यहाँ उत्पादन, श्रम, शिक्षा, स्वास्थ्यजस्ता अत्यावश्यक क्षेत्रदेखि कुनै पनि क्षेत्रमा आत्मनिर्भरता खोजिँदैन । अर्थतन्त्रलगायतका सम्पूर्ण सेवा क्षेत्रमा विदेश निर्भरता छ ।

यस्तो व्यवस्थामा सरकार र सम्भ्रान्तवर्गलाई पोस्न भूईंमान्छेको रगत-पसिनामा समेत कर लगाइन्छ । किसानसँग कर, मजदुरसँग कर, विद्यार्थीसँग कर, बिरामीसँग कर उठाइन्छ । मुद्रास्फीति र मूल्यवृद्धि अधिकतम गरी देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) ठुलो देखाइन्छ । त्यो जीडीपी देखाएर विदेशसँग फेरि ऋण लिइन्छ । हामीले सुन्यौं बजेटमा आम्दानीको स्रोत ३१ प्रतिशत ऋणबाट पूर्ति हुन्छ । त्यो ऋण पूर्वाधार निर्माण वा विकास र उत्पादनमा होइन सीमित मान्छेलाई घिउभात खुवाउन खर्च हुन्छ । माथि प्रस्तुत बजेटको ६० प्रतिशत चालु खर्च २० प्रतिशत ऋणको ब्याज अनि २० प्रतिशतले विकास निर्माणमा वर्गीकरण छ । जम्मा २० प्रतिशतले विकास निर्माण कसरी र कति हुन्छ ? दातृ निकायबाट ऋण या अनुदान प्राप्त नभए यो २० प्रतिशत पनि सम्भव हुँदैन । अनि यता प्रदेश सङ्घबाट कति बजेट प्राप्त होला भनी हात थापेर बसेको छ ? आजसम्म प्रदेशहरूले आम्दानीको स्रोत खोज्न नसक्नु कमजोरीमात्र होइन असफलता हो । यसलाई अर्थविज्ञहरू सङ्घीयताकै असफलता पनि भन्छन् ।

विद्यमान व्यवस्थाले गरिबीको रेखामुनिबाट भर्खर माथि उठेका, खाडी गएर, स्वदेशमै श्रम गरेर या खेत बेचेरै भए पनि आर्थिक रूपमा अलिक माथि उक्लेका वर्गलाई पनि फेरि भुइँमै थचार्छ । अनि सम्भ्रान्तवर्गलाई झन् धनी बनाउँछ । प्रदेश नीति कार्यक्रमले यो व्यवस्थाको मलजल गरिरहेको छ । एउटा उदाहरण लिऊँ - बजारले राज्य कसरी चलाउँछ ? बजारलाई सरकारले कसरी सघाउँछ ? राज्यले भुइँ मान्छे या निम्न मध्यम वर्गीय जनतालाई कसरी डाम्छ ?

यत्तिबेला बजारमा पेट्रोलियम पदार्थको मागअनुसार पूर्ति छैन । त्यसैले, अचाक्ली मूल्यवृद्धि गरियो । बजारले जनतालाई विकल्पमा इन्डक्सन चुलो प्रयोग गर भन्यो । सकी नसकी जनताले किने तर सरकारले अब बिजुलीमा ५० युनिटमाथि ५ प्रतिशत भ्याट लगाउने भएको छ । यो एउटा दृष्टान्त हो । अझ गैरजिम्मेवारीपूर्ण कुरा त "यो पाँच प्रतिशत भ्याट भनेको १०० रूपैयाँमा पाँच रूपैयाँ मात्र हो" भन्ने प्रधानमन्त्रीको अभिव्यक्ति हो । बिजुली र तेलमा मूल्यवृद्धि भनेको अत्यावश्यक दैनिक वस्तु एवं खाद्य वस्तुमा मूल्य बढ्नु हो । उत्पादनको लागत गरिब उपभोक्ताकै टाउकोमा बजारिने हो । कर या भ्याट पनि त्यसरी नै बजारिन्छ । यति नबुझिकन प्रदेशको बजेट नबनाउन प्रदेश अर्थमन्त्रीलाई आग्रह गर्दछु ।

नेपाली जनतालाई भन्दा भारतलाई सस्तोमा विद्युत् बिक्री गरेर देश विद्युतीकरणमा जान सक्दैन भन्नु प्रधानमन्त्रीको अर्को गैरजिम्मेवारीपूर्ण र आपत्तिजनक अभिव्यक्ति हो । विद्युत्मा आत्मनिर्भर हुन सक्ने सम्भावना प्रचुर भएको देश विद्युतीकरणमै जाने हो । पेट्रोलियम पदार्थको आयातले सधैँ ठुलो व्यापार घाटामा जाने हाम्रोजस्तो देशले नवीकरणीय ऊर्जाको स्रोत नै खोज्ने हो, हाम्रो विकल्प त्यही हो । तर, अहिलेसम्मका नीति कार्यक्रम तथा बजेटहरू उल्टो दिशामा हिँडिरहेका छन् । वाग्मती प्रदेशको नीति कार्यक्रम भिन्न छैन ।

नीति कार्यक्रममा उद्योग सञ्चालनका कुरा खै मुख्यमन्त्री ? हामीले त अहिलेको मुख्यमन्त्री उत्पादन र औद्योगिक विकासमा जोड दिने व्यक्ति भनी सुनेका थियौं । मुख्यमन्त्रीकै जिल्ला भएर होला 'बृहत्तर हेटौंडा' अवधारणाको कुरा छ । ठिक्कै छ, यहाँ उद्योग सञ्चालन या बिउँताउने कुरा पनि गरौं न ! हेटौंडा कपडा उद्योग जो चीनले नेपाली माटो सुहाउँदो बनाइदिएको उद्योगमध्ये एक हो । जसले २०३५/३६ सालको हेटौंडालाई गुल्जार बनाएको थियो । उतिबेलै १२०० मजदुरलाई काम दिएको उद्योग थियो त्यो । उद्योगका लागि आवश्यक कपास नेपालमै उत्पादनको बाटो खुलेको थियो । नेपालको हावापानी अनुकूल कपास उत्पादन नेपाली अर्थतन्त्रको अर्को सम्भावना हो । उत्तिबेलै विदेशबाट कपास आयात रोक्ने क्षमता नेपाललाई कपडा उद्योगले दिलायो । त्यतिमात्र होइन त्यो उद्योगबाट उत्पादित कपडाको माग पुर्‍याउन नसक्ने गरी माग थियो । २० औं वर्ष कारखानामा काम गरेका कर्मचारीहरू भन्दै छन्, "मेसिन मर्मत गर्ने हो भने फेरि चल्छ कपडा उद्योग । हामी उद्योग चलेको हेरेर मर्न चाहन्छौं ।" लौ न ! वाग्मती प्रदेशले तत्कालका लागि हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने हिम्मत गरोस् । हरिसिद्धि ईँटा टायल, भृकुटी कागज कारखाना, बाँसबारी छालाजुत्ता उद्योगलगायतका थुप्रै उद्योग बिस्तारै बिउँताउँला ।

नीति कार्यक्रममा कृषिसँग जोडिएका ठुलठुला शब्दावली छन् तर कृषिलाई उद्योगसँग जोड्ने कुरा छैन, कार्यान्वयनको वैज्ञानिक र व्यावहारिक आधार छैन । कपासमा देश आत्मनिर्भर बन्ने सम्भावनालाई छोडेर के प्रदेश अब 'गाजा खेतीमा' लाग्दै छ ? यसले राम्रो परिणाम पक्कै आउने छैन ।

देशको श्रमशक्ति युवालाई विदेश पठाएर अब के हामी 'आरोग्य केन्द्रहरू' मात्र खोलेर बस्ने हो ? वास्तवमा युवाहरूलाई शिक्षा, रोजगारी र खेलमैदानहरूले स्वस्थ राख्छ, फूर्तिलो राख्छ । त्यतातर्फ नीति कार्यक्रम बोल्न सकेको छैन । डिजिटलाइजेसनको खुब चर्चा छ । तर, हिजोको संसद् बैठकको लाइभ या प्रत्यक्ष प्रशारणसमेत गर्न सकेन । अझ भिडियो क्वालिटी यति कम्सल देखिरहँदा डिजिटल प्रदेशको नारा पटक्कै नसुहाएको अनुभव हुन्छ ।

नीति कार्यक्रमका अधिकांश कार्यक्रम सातै वर्ष दोहोरिएका छन्, विचार उही पुरानो छ । यसर्थ, विचार र दृष्टिकोण पक्षमा हाम्रो असहमति छ र कार्यान्वयन पक्षमा हामीलाई आशङ्का छ ।

***(वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले 'वाग्मती प्रदेशको नीति तथा कार्यक्रम २०८३' माथि जेठ १९ गते सभामा भएको छलफलको क्रममा राख्नुभएको विचारको सम्पादित अंश)***

# ती सिद्धि-गोपाल

✍ चिन्मय



सिद्धिचरण श्रेष्ठ



गोपालप्रसाद रिमाल

६ वर्षले जेठा-कान्छा थिए उनीहरू । जेठा ओखलढुङ्गामा जन्मेका थिए भने कान्छा काठमाडौँमा । दुवै थिए क्रान्तिकारी; क्रान्तिकारी कवि । दुवैमा राणाकालीन अन्धयुग चिर्ने लालसा थियो । दुवैमा व्यापक जनताको हितमा समाजलाई जगैबाट बदल्ने हुटहुटी थियो । यो हुटहुटीले दुवै आजीवन जले; दुवै पिरोलिए । उनीहरूले कल्पेको समाज बन्यो बनेन ? हामी सबै त्यसका साक्षी छौँ ।

आज पनि हामी सोधिरहेछौँ - आमा, के त्यो आउँछ र ?
आमा भन्छिन् - हो बा, त्यो आउँछ ।
आज पनि हामी गुनासो गरिरहेछौँ - नयाँ युग आएको छैन !
आमा भन्छिन् - बा आउनुभएको छैन ।

## एक थिए सिद्धिचरण श्रेष्ठ

विसं. १९७५ मा सिद्धिचरण ६ वर्ष पुगे । त्यही वर्ष उनी पूर्वी नेपालबाट काठमाडौँमा आए । उनले देशी-विदेशी साहित्यको अध्ययन गरे । काठमाडौँमा आएको बौद्धिक जागरणका उनी एक सहयोद्धा बने । उनले साहित्य रचे । गङ्गालाल श्रेष्ठजस्ता क्रान्तिकारीका 'दाइ' बने, वैचारिक साथी बने ।

उबेला देश र देशवासी सामन्ती शासनले सिकिस्त थिए । त्यो नेपालबारे सिद्धिचरण लेख्छन् -

"देश सुतेको थियो, ब्युँझनेहरूलाई पनि उठ्न दिइएको थिएन । भयावह स्थिति थियो । चाकरी गर, कुनै राणाकहाँ गएर आफ्नो आत्मा बेच, नत्र तिनलाई जिउने हक छैन । कसैको अलिक जीवनस्तर बढेको, कसैले राम्ररी खाएलाएको देखियो भने त्यसलाई एक न एक पेच लगाई गिराइहाल्थे । फरियाको नाता त्यसबेलाको ठुलो इज्जत थियो - आफ्ना दिदी, बहिनी, छोरी या स्वास्नी पनि राणाको घरमा धाई, सुसारे राख्नमा पनि लाज नमान्ने दुनियाँ पार्दै लगिएको थियो । राणाहरूमा पनि सत्र भाइ खलकहरूको फूर्तिफार्ती हेरिसक्नु थिएन । कोही त्यस्तो राणा बाटोमा आएको देख्नासाथ चट्ट बाटोको एक छेउ लागेर सलाम ठोकिहाल्नुपर्थ्यो, यसो नगरेमा उनीहरूको कोपभाजन हुने डर थियो । मुखमा गाँस नै हडपिन केही बेर थिएन । विद्यार्थी या सरकारी कर्मचारी जो होस्, चाकरी गर्नु ठुलो बुद्धिमानी सम्झन्थ्यो । रोलवाला राणाहरू र उनीहरूका भाइ, छोरा, भतिजाहरूको दरबार या महलमा यस्ता चाकरीबाजहरूको ताँती लागिरहन्थ्यो । कोही राणा घोडा या मोटरमा बाहिर सवारी हुँदा ग्वारग्वारती मानिसहरू पछि लाग्थे । फलानाको दरबार बलियो छ भन्नु एउटा आहानजस्तै भइसकेको थियो । आफ्नो पढाइ र अरू ल्याकतद्वारा कसैले माथि उक्लन्छु भन्ने सपनामा पनि देख्न पर्दैनथ्यो । बुद्धिमान छौ त, पढेलेखेका छौ त के भयो, लाछी कुकुरजस्तो लुरुलुरु हिँड, मालिकहरूको अगाडि शिर ठाडो पारेर हिँड्नु ठुलो कसुर हो भन्ने कुरा पहिले सिक र त्यसैअनुसार व्यवहार गर । यसै गरेर आफ्नो भित्रको आत्मालाई स्वाहार पार अनि अनगिन्ती अदना जनतालाई दबाऊ, शोषण गर, राणाहरूको ढुकुटी भर । यही त्यसबेलाका जान्नेबुझ्नेहरूको सल्लाह हुन्थ्यो । यसरी एक राणापछि अर्को राणा प्रधानमन्त्री हुन्थे, दुनियाँको धनसम्पत्ति चुस्थे, आफ्ना छोरा, नातिहरूलाई पनि चुसाउँथे । अनि त्यो धनसम्पत्ति विदेशका बैङ्कहरूमा लगेर सञ्चित गर्थे । नेपालमा धनसम्पत्ति राख्न हुँदैन, यसको के भर भनेर सोच्थे । राणाहरूले यस देशलाई आफ्नो हो, जस्तै भए पनि हामी यही बस्नु छ भन्ने मात्र सोचेका भए पनि यस देशको केही सुधार हुँदो हो । यस देशमा भएका मोजमज्जा र सुविधाले अतृप्त भएर विदेशमा गई रन्डी र रक्सीमा पानीझैँ पैसा खर्च गर्न लागे । त्यसबेला खुट्टाले टेकेर हिँडे पनि मानिस, मानिस थिएनन्, भित्रभित्रै मनुष्यता स्वाहा भइसकेका मासुका पुतली मात्र थिए । गाउँगाउँमा गएर त्यहाँका राम्राराम्रा आइमाईहरूलाई ल्याएर राणाहरू दरबारमा हुल्थे । यस काममा राणाहरूका नोकरचाकर खटिएका हुन्थे । यसरी आइमाई हुलेर पनि मानिसहरू आफ्नो इज्जत गएको सम्झिन्नथे । यसरी राखिएका आइमाईहरूले जब पेट बोक्थे, यसमा एक जनाले पनि रानीसाहेब, दुलहीसाहेब बन्न पाए या पाएनन्, अरू कतिलाई बच्चा तुहाउन लाइन्थ्यो । यस क्रममा कतिको प्राण गए होला, त्यसको लेखाजोखा कसैले गरेको छैन । महाराजाधिराजलाई रक्सी र सुन्दरीहरूको घेरामा राख्नु, ब्रिटिशहरूले भनेबमोजिम गर्नु, देशलाई सकेसम्म अन्धकार र गरिबीमा राख्नु नै हाम्रो विजय हो भन्ने राणाहरू ठान्थे र तनमन दिएर यसै गर्थे । प्रधानमन्त्रीका नजिकका विश्वासी मानिस मात्र महाराजाधिराजकहाँ राखिन्थ्यो । अनपढ, गँवार र मूर्खहरूलाई महाराजाधिराजको नजिक रहने सहुलियत दिइन्थ्यो । दिनहुँ महाराजाधिराजको गतिविधि प्रधानमन्त्रीकहाँ जाहेर भइरहन्थ्यो । मनुष्यत्वको अलिकति मात्र पनि अभिमान भएका मानिसलाई पनि यो देश रहन लायकको थिएन ।"

त्यो कालरात्रिबाट देशलाई बाहिर निकाल्न र 'रहन लायक' बनाउन क्रान्तिकारीहरू रातदिन सल्बलाउन थाले । विसं. १९९३ मा 'नेपाल प्रजापरिषद्' खुल्यो । त्यही वर्ष अङ्ग्रेजी पढाइने पहिलो जनस्तरको पाठशाला खुल्यो - महावीर स्कूल । त्यहाँ पढाउने निहुँमा काठमाडौँका पढेलेखेका युवाहरूले हातेमालो गर्न थाले । उनीहरूले फ्रान्सेली र रुसी क्रान्तिको अध्ययन गर्थे, भारतमा चलिरहेको स्वतन्त्रता सङ्ग्रामबारे छलफल गर्थे । गोरखापत्र एकदम सीमित प्रतिमात्र छापिन्थ्यो । त्यसैले बाहिरको जानकारी लिन उनीहरू विदेशी पत्रपत्रिका र किताब मगाउँथे र पढ्थे । गोप्य पुस्तकालय चलाउँथे । साहित्यकै सही, जनस्तरबाट 'शारदा' पत्रिका चलाउँथे । कूट भाषामा राणाशासनको विरोध गर्थे ।

यही सिलसिलामा सिद्धिचरणले ती कविता लेखे, जसले गर्दा उनलाई राणाहरूले सर्वस्व हरणसहित १८ वर्ष जेल सजाय सुनाए । नेपालमै पहिलोपल्ट हडताल र क्रान्ति जस्ता शब्द प्रयोग गरेर उनले कविता लेखे ।

छोराको शोकमा लेखिएको 'विश्वव्यथा' शीर्षकको कवितामा उनले लेखे -
*आज नखाऔँ नसुतौँ आओ*
*सब मिली हडताल मचाऔँ*
*कसरी चल्ला विधिको सृष्टि*
*लौ त्यसको पाइन हेरौँ ।*

त्यसैगरी, विसं. १९९४ मा नेवारी भाषामा उनले लेखे -
क्रान्तिबिना थन दई मखु स्वच्छ शान्ति ।
*(अर्थात्, क्रान्तिबिना हुँदैन यहाँ शान्ति ।)*

कविताका यिनै हरफ लेखेको 'आरोप' विसं. १९९७ को कार्तिकमा राणा शासकले प्रजापरिषद्का नेता-कार्यकर्तासहित सिद्धिचरणलाई पनि बन्दी बनाए । पक्राउ परेका ३२ जनामा उनी आठौँ नम्बरका थिए । आफ्नो पक्राउबारे सिद्धिचरणले मार्मिक चित्रण गरेका छन् - 'जेल संस्मरण' मा ।

पाँच वर्षको जेल सजाय कटाउँदै गर्दा उनलाई नेल-सिक्री लगाउनुपर्‍यो । उनका बुबालाई पनि प्रजापरिषद्को सदस्य हुनाले पक्राउ गरियो । बुबाको निधन हुँदा उनले काजकिरिया गर्न पाएनन् । तर, जेलमा उनले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालालजस्ता देशका उच्च कोटीका सहिदलाई नजिकबाट चिन्न पाए । उनले टङ्कप्रसाद आचार्य, रामहरि शर्मा, खड्गमान सिंह, चिनियाँलाल सिंह, गणेशमान सिंहलगायत विभिन्न कैदीबन्दीको चर्चा गरेका छन् ।

पाँच वर्षको कठोर कैदपछि सिद्धिचरण साथीहरूसहित विसं. २००२ सालमा रिहा भए । तर, सहिदहरूका मुहार र उदात्त विचारलाई उनले कहिल्यै बिर्सन सकेनन् । उनीहरूको आदर्शमा आफू जहिल्यै खरो उत्रिन नसकेको उनलाई लागिरहृयो । यो भावनालाई उनले आफ्नो प्रसिद्ध कविता 'मेरो प्रतिबिम्ब' (विसं. २००६) मा यसरी उतारे :

*क्यै हारेझैँ, क्यै बिर्सेझैँ,*
*को त्यो पथमा आइरहेको ?*
*कुकुरजस्तै लुरुलुरु हिँड्दै,*
*दुर्बलताले पीर निखन्दै,*
*को त्यो पथमा आइरहेको ?*
*दुइटा लट्ठी, एउटा ढुङ्गा,*
*ढुङ्गा मास्तिर एउटा फर्सी*
*राखी, यो हो मानिस भन्दै*
*बालकहरूले तानिरहेझैँ,*
*को त्यो पथमा आइरहेको ?*
*सत्य नचिन्ने, झूट अँगाल्ने,*
*गिर्दै तलतल म उठैँ भन्ने,*
*वातावरण नै दूषित पार्ने,*
*वरपर हेरी देख्न नसक्ने*
*कव त्यो पथमा आइरहेको ?*
*आकृति हो तर रूपविहीन,*
*भाषा हो तर भावविहीन,*
*मान्छे हो तर आत्माहीन,*
*चारैतिर बन्द विचार -*
*यो मेरो प्रतिबिम्ब हिँडेको ?*

जेलमा क्रान्तिकारीहरूलाई भगाउने काममा एकजना गरिब 'गोपी च्यामे' ले जीवन अर्पित गर्‍यो । जन्मले ऊ बाहुन थियो । तर, पेट पाल्न उसले जेलमा फोहर सफा गर्थ्यो । त्यसैले उसलाई सबैले 'गोपी च्यामे' भन्थे । उसको वर्णन गर्दै सिद्धिचरणले लेखे :

"हुन पनि हो, आफ्नू निम्ति होइन, देशकै निम्ति हामी यसरी जेलमा परेका थियौँ । शुक्रराज, धर्मभक्तलाई फाँसी दिइयो, दशरथ चन्द, गङ्गालाललाई गोली ठोकियो, उनीहरूकै डफ्फाका हामीहरू पनि विचार गर्थ्यौं - यहाँबाट उम्की घरघरमा गएर यस निरङ्कुश शासनउपर विद्रोहको आगो फुकौँला । राणाहरूलाई हटाउनुको माने सबै गरिबहरूको बेचैती हट्नु, सबै निमुखाहरूले हक र इन्साफ पाउनु, जीवन विकासको निम्ति बराबरी मौका पाउनलाई जनता अगाडि भइरहेको सारा अप्ठ्यारो पन्छिनु, एउटा सुख शान्तिपूर्ण व्यवस्था कायम हुनु हो भन्ने हामीले सम्झेका थियौँ । अनि हाम्रो यही विचारको प्रतिछाया गोपीमाथि पनि पार्दै जान्थ्यौँ । भन्नुको तात्पर्य आफ्ना दलित-शोषितहरूको तमाम आशाको पूर्ति गर्ने देवदूतझैँ नै गोपीले हामीलाई सम्झेको थियो होला ।"

२००७ साल फागुनमा 'क्रान्ति' भयो; 'प्रजातन्त्र' आयो । तर, 'गोपी च्यामे' र 'राममाया च्यामिनी' जस्ता देशका तमाम गरिखाने जनताको अवस्थामा कुनै सुधार आएन । *(राममाया सहिद दशरथ चन्दको मृत्यु हुँदा एक बहिनीको आँसु झार्ने जेलकी सफाइकर्मी थिइन् । उनी बन्दीहरूकी खबरे थिइन् ।)* जनजीवनमा कुनै 'क्रान्ति' र 'प्रजातन्त्र' नआएको देखेर सिद्धिचरणले पछि लेखे :

*पानी परिरहेछ,*
*हावा चलिरहेछ,*
*समयले अबेर ओढिसक्यो,*
*बत्ती बलिसक्यो,*
*भात पाकिसक्यो,*
*आमा कराउनु भइरहेछ -*
*बा आउनुभएको छैन ।*
*युग बदलिसक्यो,*
*राणा ढलिसक्यो,*
*भन्दछ जञ्जीर टुटिसक्यो,*
*अझ पनि आजादी आएको छैन,*
*प्रगति आएको छैन,*
*प्रजातन्त्र आएको छैन,*
*आमा कराउनु भइरहेछ -*
*बा आउनुभएको छैन ।*
*हाम्रो विचारको घुँयेत्रोले*
*हाम्रो कल्पनाको बज्रले*
*अन्धकारको टाउको फुटिसक्यो*
*अझ पनि नयाँ बिहान आएको छैन*
*नयाँ युग आएको छैन*
*नयाँ दिन खुलेको छैन*
*आमा कराउनु भइरहेछ -*
*बा आउनुभएको छैन ।*

## एक थिए गोपालप्रसाद रिमाल

सिद्धिचरण काठमाडौँ आउने वर्ष गोपालप्रसाद जन्मेका थिए । परिवार खातापिता थियो । उनलाई नपुगेको केही थिएन । तर, अध्ययन र चिन्तनको चस्का पर्‍यो उनलाई । कवि हृदयका रिमालले सानै उमेरदेखि साहित्यको अध्ययन गरे । उनी प्रकृतिलाई भन्दा बढी माया देशवासीलाई गर्थे । त्यही भएर उनले लेख्न थाले - जनतालाई माथि उठाउने र तिनले सजिलै बुझ्ने सिधा तर मिठा गीत अनि कविता । क्रान्तिको विषयमा विसं. २००० मा उनले लेखे एउटा प्रसिद्ध कविता - 'आमाको सपना'

*आमा, त्यो आउँछ र ?*
*"हो बा, त्यो आउँछ ।*
*त्यो बिहानको सूर्यझैँ उज्यालो छर्दै आउँछ ।*
*त्यसको कम्मरमा झुन्डिएको शीतजस्तै टल्कने*
*तिमीले एक हतियार देख्नेछौ;*
*त्यसैले ऊ अधर्मसित लड्नेछ !*
*त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर*
*छामछुम गर्नेछौ, तर त्यो हिउँ र आगोभन्दा पनि*
*बढ्ता छोइने भएर आउँछ ।"*
*हो र आमा ?*
*"हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा*
*त्यसकै छाया देख्ने आशा गरेकी थिएँ;*
*तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि;*
*तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि;*
*तर त्यो मिठो गीतले तिमीलाई*
*आफ्नो बाँसुरी बनाएनछ !*
*त्यो तिमी नै होला भन्ने*
*मेरो यौवनभरिको सपना थियो !*
*जे होस् त्यो आउँछ; म आमा हुँ,*
*सारा सृजनशक्तिको मुख भएर*
*म भन्न सक्तछु,*
*त्यो आउँछ,*
*मैले यो कुनै अल्छी सपना देखेको होइन !*
*त्यो आएपछि तिमी यसरी*
*मेरो काखमा आएर घोप्टिने छैनौ;*
*सत्य कुरालाई तिमी यसरी*
*चुम्बकिएर कथा सुनेझैँ सुन्ने छैनौ;*
*तिमी त्यसलाई आफै नै देख्न सक्ने, सहन सक्ने र*
*ग्रहण गर्न सक्ने हुनेछौ;*
*मैले यसरी धैर्य दिनुको सट्टा तिमी सङ्ग्राममा*
*जाँदा*
*लाख सम्झाएर पनि नमान्ने आमाको मनलाई*
*सान्त्वना दिँदै बिदा हुनेछौ;*
*मैले यसरी रोगीलाई झैँ तिम्रो कपाल*
*मुसारिरहनुपर्ने छैन !*
*हेरौँला, त्यो हुरी भएर आउनेछ,*
*तिमी पात भएर पछ्याउनेछौ !*
*उहिले त्यो जीवनलोकबाट झरेर जूनजस्तै पोखिँदा*
*सारा जडता सगबगाएको थियो, बा;*
*त्यो आउनेछ, तिमी उठ्नेछौ !"*
*त्यो आउँछ कि आमा,*
*मधुर उषाले चराहरूको कण्ठलाई जस्तै*
*त्यो आउने आशाले मेरो हृदयलाई कुतकुत्याइसक्यो*
*आमा !*
*"हो, त्यो आउँछ,*
*त्यो बिहानको सूर्यझैँ उज्यालो छर्दै आउँछ ।*
*अब म उठैँ, गएँ ।"*
*"तर त्यो तिमी नै होला भन्ने*
*मेरो यौवनभरिको सपना थियो !"*

२००२ सालमा बुढा जुद्धशमशेर राजपाट त्यागी स्वामी महाराज बनेर रिडीतिर लागे । नयाँ प्रधानमन्त्री पद्मशमशेरले घोषणा गरे - मैले आफूलाई राष्ट्रको एक नोकर सम्झेको छु । 'हिन्दुस्थान स्वतन्त्र हुन लागेको' देखेर उनले नेपालमा 'सुधारिएको राणा शासन' मात्र टिक्ने देखे । त्यसैले सबैको रायसुझाव लिन उनले प्रश्नावली तयार गरेर भाइभारदार र बुद्धिजीवीबिच बाँडे । राणा आतङ्कबाट पीडित जनताबिच खैलाबैला मच्चियो ।

यहीबिच साथी दमनराजलाई भेटेर गोपालप्रसादले भने, "माथिबाट भएको सुधारले जनताको हित कदापि हुन सक्दैन । राणाहरूसँग पैसा छ, बुद्धि छ र अनुभव छ । त्यसैले माथिबाट भएको सुधारले नेतृत्वमा राणाहरूकै एकाधिकार हुनेछ । सुधारको थालनी त हामीबाट हुनुपर्छ । अनि पो यी राणाहरूलाई थाङ्नामा सुताउन सकिन्छ ।"

पद्मशमशेर कमजोर प्रवृत्तिका थिए । वास्तविक शक्ति मोहनशमशेरसँग थियो । यो थाहा पाएर 'माथिबाट सुधार' नहुने गोपालप्रसादले बुझे । उता भारतमा छापिने अखबारमा विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा पार्टी खुलेको खबर छापियो । पार्टीलाई भारतका नेताहरूको आशीर्वाद थियो । त्यसको झन्डा पनि भारतको जस्तो 'तिरङ्गा' थियो । यो देखेर गोपालप्रसादले साथीलाई भने, "हेर, झन्डाको ढाँचा ! यो सूर्य भएको ठाउँमा चर्खा राख्न के बेर ! खै यसमा लक्ष्य र कार्यक्रम ? नेपालराज राणातन्त्रबाट मुक्त भएर स्वतन्त्र प्रजातन्त्र हुने कि भारतीय उप-महाद्वीपमा मिलेर परतन्त्र हुने ? चुपो लाग्नु भएन ।"

विसं. २००३ सालमा मोहनशमशेरसँग भेटेर गोपालप्रसाद र दमनराजले भने, "जमाना अर्कै भइसक्यो, भारत पनि स्वतन्त्र हुन लागिसक्यो, यस अवस्थामा एउटा राजनीतिक सङ्गठन खोल्न दिनु सबैको निम्ति कल्याणकारी हुन्छ ।" शासकहरूले नसुनेपछि जनतालाई जगाउन उनीहरूले पशुपतिनाथ र शोभाभगवती मन्दिरमा प्रार्थना कार्यक्रम सुरु गरे । गीत गोपालप्रसाद आफैले लेखे -

*गर्दछु देश सेवा बल देऊ लौ मलाई*
*मबाट होस् सबैको आनन्द औ भलाइ ।*
*तिम्रै गरी पुकारा अर्पण गरेर भेटी*
*हामी भयौँ फुका सब दासत्वलाई मेटी*
*ए शम्भु लौ मलाई बल देऊ लौ मलाई*
*म गर्छु देशसेवा बल देऊ लौ मलाई ।*

उनले एउटा पर्चा पनि खेस्रा गरे । त्यसमा 'नेपाल नेसनल लिग' नामक सङ्गठन खोल्ने कुरा उल्लेख थियो । सङ्गठनको कार्यक्रममा उनले निम्न विषय समावेश गरे :

१. अछुत उद्धार ।
२. सैनिक सेवामा जातिभेदको बन्देज हटाउने ।
३. नेपाली मात्रलाई गढीको राहदानी नपर्ने गराउने । हिन्दुस्थान जाँदा मात्र सिमानामा राहदानी व्यवस्था गर्ने ।
४. नारीशिक्षा प्रचार गर्ने ।

प्रार्थनामा मानिसको जमघट सयौँदेखि बढेर हजारौँ पुग्यो । सबैले आपसमा भेट हुँदा 'जय नेपाल !' भनेर अभिवादन गर्ने चलन थियो । केही दिनपछि गोपालप्रसादले नेपालको झन्डालाई कथ्य बनाएर अर्को गीत रचे :

*रातो र चन्द्र सूर्य, जङ्गी निशान हाम्रो*
*ज्यूँदो रगतसरि यो, बल्दो यो शान हाम्रो*
*हिमालझैँ अटल यो, झुकेन यो कहिल्यै*
*लत्रेन यो कहिल्यै, जङ्गी निशान हाम्रो ।*
*यो जन्मँदै जगतमा, कैयौँ प्रहार आए*
*साम्राज्य दुई हारे, हारेन शान हाम्रो*
*जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्*
*तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो ।*
*गाईसरि छन् साधु जो जो यहाँ जगत्मा*
*सबको शरण बलियो, जङ्गी निशान हाम्रो ।*

शोभाभगवतीको प्रार्थना आन्दोलनमाथि पछि दमन भयो । गोपालप्रसाद लगायत सबै मुख्य नेताहरू पक्राउ परे । उनीहरूलाई मोहनशमशेरको गारतमा लगेर थुनियो । एक वर्ष कैदको सजाय काटेर २००४ साल चैतमा उनीहरू रिहा भए । त्यसपछि गोपालप्रसादले काङ्ग्रेसी राजनीतिमा चासो दिन थाले ।

देशको पहिलो संविधान जारी गर्ने पद्म शमशेर भारत पसे । गोपालप्रसाद वाक् स्वतन्त्रता, सङ्गठनको अधिकारजस्ता त्यसमा उल्लेख प्रावधान लागू गराउन चाहन्थे । काङ्ग्रेस त्यसबेला रेग्मी गुट र कोइराला गुटको तानातानबिच कलकत्ता र बनारसमा झुलिरहेको थियो । त्यसबाट आजीत भएर गोपालप्रसाद सङ्गठन निर्माणमा होमिए ।

बाँकी पृष्ठ ८ मा

# पेरूमा वामपन्थी राष्ट्रपति उम्मेदवार सान्चेजको पक्षमा विशाल प्रदर्शन




लिमा, ३१ जेठ (एएफपी)। राष्ट्रपतीय निर्वाचनका लागि भएको मतगणनाको आंशिक परिणामले दक्षिणपन्थी प्रतिद्वन्द्वी केइको फुजिमोरीको अप्रत्यासित सामान्य अग्रता देखाएपछि पेरूका वामपन्थी राष्ट्रपति पदका उम्मेदवार रोबर्टो सान्चेजका सयौँ समर्थकले शनिबार लिमामा विरोध प्रदर्शन गरेका छन्।

गत आइतबार सम्पन्न दोस्रो चरणको मतदानको ९८.५ प्रतिशत मतपत्रहरू गणना गरिसक्दा करिब एक प्रतिशत बिन्दुको अन्तर देखिएको छ।

फुजिमोरीले ५०.०५ प्रतिशत मत प्राप्त गरेकी छिन् भने सान्चेजले ४९.९५ प्रतिशत मत प्राप्त गरेका छन्। एक करोड ८० लाखभन्दा बढी मतपत्र गणना हुँदा फुजिमोरी सान्चेजभन्दा १८ हजार ५०० मतले अगाडि रहेकी छिन्।

सान्चेजले शुक्रबार फुजिमोरीलाई राजधानी लिमामा अनियमितता भएको र विदेशबाट मतदान भएको आरोप लगाउँदै पुनः मतगणनाका लागि संयुक्त आवेदन गर्न सुझाव दिएका छन्।

शनिबार लिमा सहरमा सान्चेजको समर्थनमा भेला भएको भीडले 'पेरूबासीको न्याय र सम्मानका लागि, फुजीमोरी कहिल्यै स्वीकार्य हुनेछैन' भन्ने नारा लगाउँदै शहरका विभिन्न भागमा प्रदर्शन गरेको छ।

उनीहरूले निर्वाचन अदालत, राष्ट्रिय न्यायाधीकरणको मुख्यालय परिसरबाहिर पनि नाराबाजी गरेका थिए।

निर्वाचन अधिकारीहरूले निर्वाचन अदालतमा दायर गरिएका विवादित मतपत्रहरू जाँच गर्ने र समस्या समाधान गर्दै मतगणना अन्तिम चरणमा पुगेको बताएका छन्।

तर अन्तिम परिणाम अझै दुई हप्तासम्म थाहा हुन नसक्ने निर्वाचन प्राधिकरणका प्रमुखले बताएका छन्।

धेरै मतदाताहरूले राष्ट्रपतीय चुनावले वर्षौंको राजनीतिक अराजकतामा हटाउने विश्वास गरिएको थियो। करिब एक दशकको अवधिमा यहाँ आठ जना राष्ट्रपतिहरू निर्वाचित भएका थिए भने उनीहरूमध्ये अधिकांशले जनअपेक्षाअनुरूप काम नगरी भ्रष्टाचार र बेथितिलाई सम्बोधन गर्न असफल भएपछि विभिन्न अभियोग लगाई पदच्युत गरिएको थियो। यो निर्वाचनबाट निर्वाचित हुन्छ ऊ एक दशकमा नवौं राष्ट्रपति बन्नेछ। यो निर्वाचनले उपराष्ट्रपति तथा सांसदहरूको पनि टुङ्गो लगाउनेछ।

तर कडा प्रतिस्पर्धात्मक परिणामले दक्षिण अमेरिकी राष्ट्र पेरूमा तटीय, अधिक ग्रामीण इलाका र आदिवासी समुदायको बसोबास रहेको देशको दक्षिणको जनसङ्ख्यालाई गम्भीररूपमा विभाजित गरेको देखिन्छ।

# विश्व सङ्क्षेप

## जी–७ र नयाँ विश्व व्यवस्था

डब्लिन (आयरल्यान्ड), १४ जून (एएनआई)। क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले विश्व शक्ति सन्तुलन द्रुत रूपमा परिवर्तन भइरहेका बेला आगामी जी–७ शिखर सम्मेलनले नयाँ विश्व व्यवस्थाको आधार निर्माण गर्न सक्ने बताउनुभएको छ। उहाँका अनुसार परम्परागत शक्तिकेन्द्रहरू मात्र नभई, उदीयमान राष्ट्रहरूको बढ्दो सहभागिताले विश्व शासनको नयाँ ढाँचा निर्माण गर्ने अवसर सिर्जना गरिरहेको छ।

जून १५ देखि १७ सम्म फ्रान्सको इभियन–लेस–बेन्समा हुने ५२ औँ जी–७ शिखर सम्मेलनअघि डब्लिनस्थित ट्रिनिटी कलेजमा आयोजित अन्तरक्रियात्मक कार्यक्रममा प्रधानमन्त्री कार्नीले बदलिँदो विश्व परिवेशमा बहुपक्षीय सहकार्यको आवश्यकता अझ बढेको धारणा राख्नुभयो।

जी–७ समूहमा क्यानाडा, फ्रान्स, जर्मनी, इटाली, जापान, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका तथा युरोपेली सङ्घ (ईयू) समावेश छन्। यस वर्ष आयोजक फ्रान्सले भारत, युक्रेन, ब्राजिल, इजिप्ट, दक्षिण कोरिया, केन्या, कतार, साउदी अरेबिया, सिरिया र संयुक्त अरब इमिरेट्सलगायत देशलाई पनि सहभागी हुन निमन्त्रणा दिएको छ।

## हर्मुज र आणविक मुद्दामा अमेरिका–इरान सम्झौता नजिक

तेहरान, १४ जून (एएफपी)। मध्यपूर्वको तनाव कम गर्ने सम्भावित अमेरिका–इरान सम्झौता आइतबार हस्ताक्षर हुन सक्ने सङ्केत देखिएपछि कूटनीतिक गतिविधि तीव्र बनेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्झौता सम्पन्न भएलगत्तै रणनीतिक महत्त्वको हर्मुज जलडमरु 'सबैका लागि खुला' हुने दाबी गरेका छन्। यद्यपि, इरानले हस्ताक्षरको समयसीमाबारे अझै सावधानीपूर्ण धारणा व्यक्त गरेको छ।

हप्तौंदेखि जारी युद्ध र अवरुद्ध वार्तापछि दुवै पक्ष तथा मध्यस्थकर्ताहरूले समाधानको सम्भावना बढेको सङ्केत दिएका छन्। प्रमुख मध्यस्थकर्तामध्ये एक पाकिस्तानले सम्झौता पहिलेभन्दा धेरै नजिक पुगेको जनाएको छ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफकाअनुसार सम्झौतामा विद्युतीय हस्ताक्षर गरिनेछ भने अर्को साता प्राविधिक तहको वार्ता पनि जारी रहने अपेक्षा गरिएको छ। पाकिस्तानी विदेश मन्त्रालयले समेत आइतबार हस्ताक्षरको योजना रहेको पुष्टि गरेको छ।

सम्झौताको सम्भावनाबिच हर्मुज जलडमरुको विषय अझै विवादको केन्द्रमा छ। विश्वको महत्त्वपूर्ण तेल तथा ग्यास ढुवानी मार्ग मानिने यस जलमार्गमाथि इरानले युद्ध सुरु भएदेखि नियन्त्रण कडा बनाएको छ। तेहरानले जहाजहरूलाई आफ्ना सुरक्षाकर्मीबाट अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको छ भने निरीक्षण र शुल्क व्यवस्थापनका लागि नयाँ निकाय पनि स्थापना गरेको छ।

# स्विट्जरल्यान्डमा जनसङ्ख्या वृद्धिलाई लिएर बहस

जेनेभा, १४ जून (एपी)। स्विट्जरल्यान्डमा आप्रवासन र जनसङ्ख्या वृद्धिलाई लिएर लामो समयदेखि चलिरहेको बहस आइतबार निर्णायक चरणमा पुगेको छ। देशको सबैभन्दा ठुलो राजनीतिक दल स्विस पिपुल्स पार्टीले जनसङ्ख्या एक करोडमा सीमित गर्ने प्रस्ताव अघि सारेपछि मतदाताहरू त्यसको पक्ष वा विपक्षमा मतदान गरिरहेका छन्।

दक्षिणपन्थी स्विस पिपुल्स पार्टीले 'दिगो पहल' नाम दिइएको यो प्रस्तावमार्फत तीव्र जनसङ्ख्या वृद्धिले आवास, पूर्वाधार, सामाजिक सेवा, प्राकृतिक स्रोत र जीवनशैलीमा दबाब बढाएको तर्क गरेको छ। विशेष गरी युरोपेली सङ्घ (ईयू) का देशहरूबाट आउने आप्रवासी कामदारको बढ्दो सङ्ख्याप्रति दलले लामो समयदेखि चिन्ता व्यक्त गर्दै आएको छ।

तर, प्रस्तावका आलोचकहरूले यसलाई स्विट्जरल्यान्डकै अर्थतन्त्रविरुद्धको कदमका रूपमा चित्रण गरेका छन्। उनीहरूका अनुसार स्वास्थ्य सेवा, वित्त, औषधि र प्रविधिजस्ता क्षेत्रमा विदेशी श्रमिक र दक्ष जनशक्तिले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। प्रस्ताव पारित भएमा युरोपेली सङ्घसँगको सम्बन्ध कमजोर हुन सक्ने र त्यसले व्यापार तथा रोजगारीमा असर पार्ने चिन्ता पनि व्यक्त गरिएको छ।

हालै सार्वजनिक गरिएको नाका दभचल एजेन्सीको सर्वेक्षणले जनमतसङ्ग्रहको नतिजा निकै प्रतिस्पर्धात्मक हुन सक्ने सङ्केत गरेको छ।

स्विस सङ्घीय सरकार र संसद् दुवैले यो प्रस्तावको विरोध गरेका छन्। आप्रवासनमाथि कडा नियन्त्रणले अर्थतन्त्र र अन्तर्राष्ट्रिय सम्बन्धमा नकारात्मक प्रभाव पार्न सक्ने उनीहरूको तर्क छ।

प्रत्यक्ष लोकतन्त्रको अभ्यासका लागि परिचित स्विट्जरल्यान्डमा नागरिकहरूले वर्षमा सामान्यतया चार पटक जनमतसङ्ग्रहमार्फत नीतिगत विषयमा प्रत्यक्ष निर्णय गर्ने अधिकार पाउँछन्। अधिकांश मतपत्र हुलाकमार्फत पठाइने गरिन्छ भने प्रत्यक्ष मतदान आइतबार स्थानीय समयअनुसार दिउँसो समाप्त हुने व्यवस्था छ।

यदि प्रस्ताव पारित भयो भने स्विस सरकारले सन् २०५० सम्ममा देशको जनसङ्ख्या एक करोडभन्दा माथि जान नदिने नीति लागू गर्नुपर्नेछ। जनसङ्ख्या ९५ लाख पुगेपछि सरकारले शरणार्थी नीति, परिवार पुनर्मिलन तथा बसोबास अनुमतिसम्बन्धी नियम कडा बनाउनुपर्नेछ। आवश्यक परे युरोपेली सङ्घसँगको स्वतन्त्र आवागमनसम्बन्धी सम्झौता पनि रद्द गर्न सकिनेछ।

आर्थिक सहयोग तथा विकास सङ्गठन (ओईसीडी) का अनुसार सन् २०२४ सम्म स्विट्जरल्यान्डको ३२ प्रतिशत जनसङ्ख्या विदेशमा जन्मिएको थियो। यो अनुपात ओइसीडीका ३८ सदस्य राष्ट्रमध्ये लक्जेम्बर्ग र अस्ट्रेलियापछि तेस्रो उच्च हो।

# रोमानियामा नयाँ प्रधानमन्त्रीको खोजी

बुखारेस्ट, ३१ जेठ (रासस्/एपी)। रोमानियामा जारी राजनीतिक अनिश्चितता अन्त्य गर्ने प्रयासस्वरूप राष्ट्रपति निकुसोर डानले एड्रियन भेस्टियालाई प्रधानमन्त्रीका लागि मनोनीत गर्नुभएको छ। अघिल्लो उम्मेदवारले संसद्मा पर्याप्त समर्थन जुटाउन नसकेपछि राष्ट्रपतिले नयाँ नेतृत्वमार्फत स्थिर सरकार गठनको प्रयास अघि बढाउनुभएको हो।

५३ वर्षीय भेस्टिया मध्य रोमानियाको ब्रासोभ काउन्टीका अनुभवी राजनीतिज्ञ तथा नेसनल लिबरल पार्टीका वरिष्ठ सदस्य हुनुनुहुन्छ। उहाँ यसै महिनामा राष्ट्रपति डानले प्रधानमन्त्री पदका लागि मनोनयन गर्नुभएको दोस्रो व्यक्ति हुनुहुन्छ।

यसअघि प्रधानमन्त्रीका लागि प्रस्तावित युजेन टोम्याकले आवश्यक राजनीतिक समर्थन जुटाउन नसकेपछि आफ्नो जनादेश फिर्ता लिनुभएको थियो। संसद्मा मन्त्रिपरिषद् प्रस्तुत गर्ने समयसीमा पूरा हुन नसकेपछि राष्ट्रपति डानले नयाँ विकल्प रोज्नुभएको हो।

बुखारेस्टस्थित कोट्रोसेनी दरबारमा आयोजित कार्यक्रममा राष्ट्रपति डानले टोम्याकले आफ्नो जनादेश फिर्ता लिएको जानकारी दिँदै एड्रियन भेस्टियालाई प्रधानमन्त्रीका रूपमा मनोनीत गरेको घोषणा गर्नुभयो। उहाँको मनोनयनले प्रभावकारी हुन भने संसद्को स्वीकृति आवश्यक पर्नेछ।

राष्ट्रपति डानले भेस्टियालाई प्रशासनिक अनुभव र व्यवस्थापकीय क्षमताका आधारमा योग्य उम्मेदवारका रूपमा प्रस्तुत गर्नुभयो। उहाँका अनुसार भेस्टियाले आफ्नो राजनीतिक यात्रामा स्थानीय तहदेखि राष्ट्रिय नेतृत्वसम्मका विभिन्न जिम्मेवारी सफलतापूर्वक सम्हाल्नुभएको छ।

भेस्टियाले सानो सहरको मेयर, ब्रासोभ काउन्टी परिषद्का अध्यक्ष तथा विकास मन्त्रीका रूपमा काम गरिसक्नुभएको छ।

सन् २०२३ देखि २०२४ सम्म विकास मन्त्री रहनुभएका भेस्टियाले आफू वास्तविक सुधार लागू गर्ने र रोमानियालाई पश्चिम समर्थक मार्गमा अघि बढाउने राजनीतिक सरकार गठन गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले रोमानिया युरोपको छैटौँ ठुलो देश भएकाले विकासलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

# तेहरानमा कतारको कूटनीतिक पहल

तेहरान, ३१ जेठ (एएफपी)। इरान र संयुक्त राज्य अमेरिकाबिच जारी युद्ध अन्त्य गर्ने प्रयास तीव्र भइरहेको बेला कतारको एक उच्चस्तरीय प्रतिनिधिमण्डल आइतबार तेहरान पुगेको छ। कूटनीतिक स्रोतहरूका अनुसार यो भ्रमण सम्भावित शान्ति सम्झौताले अन्तिम रूप लिनुअघि मध्यस्थता प्रक्रियालाई अगाडि बढाउने प्रयासको हिस्सा हो।

इरानी समाचार संस्था आइएसएनएका अनुसार कतारका विदेशमन्त्रीका एक वरिष्ठ सल्लाहकारलाई तेहरान पठाइएको छ। अर्को समाचार संस्था तस्निमले भ्रमणको मुख्य उद्देश्य कूटनीतिक प्रक्रियासम्बन्धी पछिल्ला घटनाक्रमको समीक्षा गर्नु रहेको जनाएको छ।

परिस्थितिबारे जानकारी भएका एक कूटनीतिज्ञले एएफपीसँग कुरा गर्दै कतारी वार्ताकारहरू आइतबार बिहान तेहरान पुगेको पुष्टि गरे। संवेदनशील वार्ताबारे सार्वजनिक रूपमा बोल्ने अधिकार नभएकाले नाम नखुलाउने सर्तमा उनले प्रतिनिधिमण्डलको भ्रमणको लक्ष्य सम्भावित सम्झौतालाई अन्तिम रूप दिन सहयोग पुऱ्याउनु रहेको बताए।

मध्यपूर्वमा महिनौँदेखि जारी द्वन्द्व अन्त्य गर्न पाकिस्तानले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै आएको छ। अमेरिका र पाकिस्तान दुवैले आइतबार नै युद्ध अन्त्यसम्बन्धी सम्झौतामा हस्ताक्षर हुन सक्ने सङ्केत दिएका छन्।

यद्यपि तेहरानले समयसीमाबारे सावधानीपूर्ण धारणा व्यक्त गरेको छ। इरानी अधिकारीहरूले सम्झौताका केही महत्त्वपूर्ण पक्षमा अझै छलफल जारी रहेको सङ्केत दिएका छन्। इरानी सञ्चारमाध्यमहरूले पनि प्रस्तावित ढाँचाबारे अन्तिम निर्णय हुन बाँकी रहेको उल्लेख गरेका छन्।

कतारले विगतमा पनि क्षेत्रीय विवाद समाधानमा मध्यस्थकर्ताको भूमिका खेलेको छ। तेहरानमा कतारी प्रतिनिधिमण्डलको पछिल्लो भ्रमणलाई युद्धविरामलाई स्थायी शान्ति सम्झौतामा रूपान्तरण गर्ने प्रयासका रूपमा हेरिएको छ। यद्यपि सम्झौता नजिक पुगेको दाबी भइरहेका बेला समयसीमा, कार्यान्वयनको स्वरूप र दुवै पक्षका अन्तिम सहमतिबारे अझै केही अनिश्चितता कायम रहेको देखिन्छ।

# उपभोक्ता समिति र उपभोक्ता मोडल

✍ सत्य सुवाल

नेपालको स्थानीय विकास यात्रामा उपभोक्ता समिति र उपभोक्ता मोडल योजना कार्यान्वयन गर्ने माध्यम मात्र होइनन्, यी आम नागरिकको सहभागिता, स्थानीय अपनत्व र लोकतान्त्रिक अभ्यासका महत्त्वपूर्ण आधार हुन् । विकासका स्रोत र निर्णय प्रक्रियालाई केन्द्रबाट स्थानीय समुदायसम्म पुऱ्याउने, नागरिकलाई विकासका काममा प्रत्यक्ष सहभागी गराउने र आफ्नो ठाउँको विकासमा आफ्नै भूमिका स्थापित गर्ने उद्देश्यले उपभोक्ता मोडलको अवधारणा अघि बढेको हो ।

हाम्रो समाजमा प्राचीन कालदेखि नै एउटा भनाइ चल्दै आएको छ, "सयका लौरो, एक जनाको भारी ।" यसको अर्थ हो, समाजका सबै मानिस मिलेर थोरै-थोरै योगदान गरे भने जस्तोसुकै ठुलो काम पनि सजिलै फत्ते हुन्छ । उपभोक्ता समितिको मूल मर्म पनि यही हो । स्थानीय तहमा सञ्चालन हुने खानेपानी, सडक, सिँचाइ, विद्यालय भवन, सामुदायिक संरचना तथा सांस्कृतिक सम्पदा संरक्षणजस्ता योजनाहरूमा प्रत्यक्ष लाभान्वित हुने स्थानीय नागरिकहरूको सहभागितामा गठन हुने समूह नै उपभोक्ता समिति हो । यसको मूल उद्देश्य नाफा कमाउनु होइन, समुदायको आवश्यकता पूरा गर्नु र विकास प्रक्रियालाई जनमुखी बनाउनु हो । परम्परागत ठेकेदारी प्रणालीमा देखिने दूरी र स्थानीय आवश्यकता बुझ्ने सीमिततालाई कम गर्दै जनतालाई नै विकासको साझेदार बनाउने सोच यसको आधार हो ।

उपभोक्ता मोडलको सबैभन्दा ठुलो शक्ति भनेको यसले विकासमा अपनत्व सिर्जना गर्छ । पूर्वीय दर्शनका पुराना विचारकहरूले पनि भन्ने गर्थे; "जुन काममा मानिसको आफ्नै पसिना र भावना प्रत्यक्षरूपमा जोडिन्छ, त्यो काम दिगो र पवित्र हुन्छ ।" जब स्थानीय नागरिक आफैँ योजना छनोट, निर्माण र संरक्षणमा सहभागी हुन्छन्, तब विकासका संरचनासँग उनीहरूको भावनात्मक सम्बन्ध पनि जोडिन्छ । आफ्नो श्रम, समय र सहभागिता जोडिएको योजनालाई समुदायले लामो समयसम्म संरक्षण गर्ने सम्भावना बढी हुन्छ ।

स्थानीय सांस्कृतिक सम्पदा संरक्षण र स्थानीय पूर्वाधार विकासमा यसको महत्त्व अझ स्पष्ट देखिन्छ । यसको उत्कृष्ट उदाहरण भक्तपुर नगरपालिकालाई लिन सकिन्छ, जहाँ स्थानीय समुदायको प्रत्यक्ष सहभागिता र उपभोक्ता समितिहरूमार्फत ऐतिहासिक पाटी, पौवा, ढुङ्गेधारा, परम्परागत सडक तथा अन्य सांस्कृतिक सम्पदाहरूको निर्माण र पुनर्निर्माण गरिएका छन् । उपभोक्तासमिति मार्फत काम गर्दा परम्परागत ठेकेदारी प्रणालीको तुलनामा लागत निकै कम लाग्ने, काम टिकाउ, दिगो र गुणस्तरीय हुने तथा मौलिक परम्परागत शैली र स्वरूप यथावत रहने तथ्य प्रमाणित भइसकेको छ । यस्ता कार्यहरूमा भौतिक निर्माण मात्र हुँदैन, बरु स्थानीय भावना, संस्कृति र पहिचानको समेत जगेर्ना हुन्छ ।

तर राम्रो उद्देश्य भएको कुनै पनि प्रणालीप्रति समय-समयमा प्रश्नहरू उठ्नु स्वाभाविक हो । उपभोक्ता मोडलप्रति पनि समाजमा केही आशङ्का र चासोहरू व्यक्त हुने गरेका छन् । यी आशङ्काहरूले यो प्रणाली असफल छ भन्ने होइन, बरु अझ पारदर्शी र व्यवस्थित बनाउनुपर्ने आवश्यकतालाई देखाउँछन् ।

कतिपय ठाउँमा एउटै व्यक्ति वा सीमित समूह पटक-पटक उपभोक्ता समितिको नेतृत्वमा देखिँदा समाजमा प्रश्न उठ्ने गर्छ र "केही नाफा वा व्यक्तिगत स्वार्थ नभई उनीहरू किन बारम्बार एउटै पदमा बसिरहन्छन् त ?" भन्ने आशङ्का जनतामा जागृत हुन्छ । नेतृत्वमा यस्तो निरन्तरता देखिँदा नयाँ पुस्ता र नयाँ व्यक्तिहरूले अवसर नपाएको महसुस गर्छन् । त्यसैले, उपभोक्ता समिति गठन गर्दा सबैको अगाडि खुला रूपमा गरिनुपर्छ, जसले गर्दा नयाँ मानिसले पनि अवसर पाऊन् र यो समिति केही व्यक्तिको स्थायी जिम्मेवारी नभई समुदायको साझा संस्था बन्न सकोस् ।

त्यसैगरी स्थानीय सम्बन्ध र चिनजानका आधारमा सामग्री, उपकरण वा सेवा प्रयोग गरिँदा पनि समाजमा कहिलेकाहीँ जिज्ञासा उत्पन्न हुने गर्छ । स्थानीय स्रोत र सम्बन्धको उपयोग आफैँमा गलत होइन, किनकि यसले स्थानीय अर्थतन्त्रलाई सहयोग पुऱ्याउँछ । तर, सार्वजनिक स्रोत प्रयोग गर्दा निर्णय प्रक्रिया पारदर्शी, उचित मूल्यमा आधारित र सबैले बुझ्न सक्ने खालको हुनुपर्छ भन्ने अपेक्षा रहन्छ ।

आर्थिक व्यवस्थापनको विषयमा पनि उपभोक्ता समितिहरूले विशेष ध्यान दिन आवश्यक हुन्छ । बिल, भर्पाइ, सामग्री खरिद, मेसिन प्रयोग र खर्च विवरण स्पष्ट राख्नु अनिवार्य हुन्छ । कतिपय अवस्थामा खर्च विवरण र वास्तविक अवस्थाबिच फरक हुन सक्छ कि भन्ने नागरिकको चासो देखिन्छ । यस्तो चासोलाई नकारात्मक रूपमा होइन, पारदर्शिता बढाउने अवसरका रूपमा लिनुपर्छ ।

उपभोक्ता मोडललाई अझ प्रभावकारी बनाउन केही सुधार आवश्यक छ । पहिलो कुरा, समिति गठन प्रक्रिया खुला र सहभागितामूलक हुनुपर्छ । योजना सुरु हुनुअघि जानकारी दिने, छलफल गर्ने र सबै वर्गको सहभागिता सुनिश्चित गर्ने अभ्यासले विश्वास बढाउँछ ।

दोस्रो, उपभोक्ता समितिका सदस्यहरूलाई आवश्यक अभिमुखीकरण र सामान्य सिकाइको व्यवस्था गर्नुपर्छ । धेरै मानिसहरू सामाजिक भावना र सेवाको उद्देश्यले जिम्मेवारीमा आउँछन्, तर प्राविधिक ज्ञान, कानुनी प्रक्रिया र आर्थिक व्यवस्थापनबारे थप जानकारी आवश्यक हुन सक्छ । यस्तो सिकाइले उनीहरूलाई अझ सक्षम र जिम्मेवार बनाउँछ ।

तेस्रो, अनुगमन प्रणाली प्रभावकारी हुनुपर्छ । अनुगमन केवल कागजी प्रक्रिया नभई कामको गुणस्तर, समय र खर्चको वास्तविक मूल्याङ्कन गर्ने माध्यम बन्नुपर्छ । निष्पक्ष अनुगमनले उपभोक्ता समिति र समुदायबिचको विश्वास अझ बलियो बनाउँछ ।

चौथो, सामाजिक हिसाब-किताब बुझाउने (सार्वजनिक सुनुवाइ) कार्यलाई औपचारिकतामा मात्र सीमित राख्नु हुँदैन । योजना सम्पन्न भएपछि आम नागरिकले खर्च र उपलब्धिबारे जानकारी पाउने, प्रश्न गर्न पाउने र सुझाव दिन पाउने खुला वातावरण हुनुपर्छ । पारदर्शिता बढेमा अनावश्यक शङ्का पनि कम हुन्छ ।

उपभोक्ता समिति हाम्रो समाजको एउटा महत्त्वपूर्ण अभ्यास हो, जसले नागरिकलाई विकाससँग जोड्ने काम गरेको छ । यसमा देखिने चुनौती वा उठ्ने प्रश्नहरूलाई आधार बनाएर यसको महत्त्वलाई कमजोर बनाउनु हुँदैन । बरु ती प्रश्नहरूलाई सुधारको बाटोका रूपमा लिनुपर्छ ।

जनसहभागिता, पारदर्शिता र जिम्मेवार नेतृत्वलाई बलियो बनाउन सकियो भने उपभोक्ता मोडल स्थानीय विकासको अझ प्रभावकारी माध्यम बन्न सक्छ । विकास केवल संरचना निर्माण गर्नु होइन, समुदायमा विश्वास, जिम्मेवारी र अपनत्व निर्माण गर्नु पनि हो । यही भावना बलियो भयो र हाम्रा रैथाने सफल अभ्यासहरूलाई देशव्यापी रूपमा आत्मसात् गर्न सकियो भने 'आफ्नो ठाउँको विकास आफैँ गरौँ' भन्ने उद्देश्य वास्तविक अर्थमा सफल हुनेछ ।

# फोहरबाट रोजगारी र आम्दानी

✍ इन्द्राकुमारी केसी

घोडाघोडी (कैलाली) । कैलालीको गोदावरी नगरपालिका-४ खैरानाका जङ्गबहादुर चौधरीले फोहर व्यवस्थापन क्षेत्रमा काम गर्न थालेको नौ वर्ष भएको छ । आठ वर्षसम्म नगरपालिकामार्फत फोहर व्यवस्थापन गर्दै आउनुभएका उहाँ अघिल्लो साउनदेखि गोदावरी नगरपालिकामा रहेको एकीकृत फोहर व्यवस्थापन केन्द्रमा कार्यरत हुनुहुन्छ ।



चौधरी अहिले फोहर छुट्याउने र व्यवस्थापन गर्ने काम गर्दै मासिक करिब रु. १७ हजार आम्दानी गरिरहनुभएको छ । उहाँका अनुसार यस कामले रोजगारीको अवसर दिएको भए पनि फोहरसँगको प्रत्यक्ष सम्पर्क, दुर्गन्ध र स्वास्थ्य जोखिम भने निरन्तर चुनौतीका रूपमा रहेका छन् ।

गोदावरी नगरपालिका-१० की प्रियङ्का जोराइला पनि विगत चार महिनादेखि सोही केन्द्रमा फोहर छुट्याउने र व्यवस्थापन गर्ने काम गर्दै आउनुभएको छ । पहिले कपडा पसलमा काम गर्ने उहाँ अहिले मासिक करिब रु. १६ हजार आम्दानी गरिरहनुभएको छ । उहाँहरू जस्तै उक्त फोहर व्यवस्थापन केन्द्रमा करिब एक सय जनाले रोजगारी पाउनुभएको छ ।

गोदावरीमा मात्रै होइन, कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा समेत फोहर व्यवस्थापनका माध्यमबाट स्थानीयले रोजगारी पाउँदै आएका छन् । यसरी सुदूरपश्चिमका स्थानीय तहहरूमा फोहर व्यवस्थापन अब सरसफाइको काममात्र नभई रोजगारी र जीविकोपार्जनसँग पनि जोडिन थालेको छ । स्थानीयस्तरमै सृजना भएको यो रोजगारीले फोहरलाई समस्या होइन, अवसरका रूपमा उपयोग गर्न सकिने सम्भावनालाई थप स्पष्ट पारेको छ ।

यही अभ्यासलाई अझ संस्थागत र प्रभावकारी बनाउन सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहले वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र निजी क्षेत्रको सक्रिय सहभागितासहित फोहरलाई वातावरणीय जोखिमबाट आर्थिक अवसरमा रूपान्तरण गर्ने प्रयास अघि बढाएका छन् ।

कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र यसैको उदाहरण हो । चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा करिब रु. एक अर्ब लागतमा निर्माण गरिएको यस केन्द्रमा फोहर छुट्याउने, प्रशोधन गर्ने र पुनः प्रयोग गर्ने प्रणाली सञ्चालनमा छ । यसले वातावरणीय प्रदूषण न्यूनीकरणसँगै दिगो फोहर व्यवस्थापनको आधार तयार गरेको छ ।

नगर प्रमुख वीरेन्द्र भट्टका अनुसार स्रोतमै फोहर वर्गीकरण गर्ने अभ्यासले व्यवस्थापनलाई सहज बनाएको छ भने नगरपालिकाले यसबाट राजस्वसमेत प्राप्त गर्न थालेको छ । यस केन्द्रको सञ्चालनमा निजी क्षेत्रको सहभागिता पनि उल्लेखनीय छ । स्वच्छ वातावरण प्रालिले फोहर व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएको छ । कम्पनीका सञ्चालक गोविन्द रावलका अनुसार सङ्कलित फोहरमध्ये करिब ७० प्रतिशत पुनः प्रयोग योग्य सामग्रीका रूपमा व्यवस्थापन गरिन्छ । कुहिने फोहरबाट जैविक मल उत्पादन गरिन्छ भने अन्य सामग्री पुनः प्रयोगका लागि पठाइन्छ । यसरी फोहरलाई सही ढङ्गले व्यवस्थापन गर्न सकिएमा यो समस्या होइन, अवसर बन्न सक्ने उहाँ बताउनुहुन्छ ।

कम्पनीले वार्षिक रूपमा नगरपालिकालाई राजस्व बुझाउने गरेको छ । कम्पनीको मासिक आम्दानी करिब रु. २६ लाखसम्म पुग्छ । आम्दानी र खर्च बराबरजस्तै भए पनि कम्पनीले एक सय व्यक्तिलाई रोजगारी प्रदान गर्दै आएको रावल बताउनुहुन्छ । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पनि एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रमार्फत यस्तै अभ्यास अघि बढाइएको छ । केन्द्र निर्माण हुनुअघि जङ्गल क्षेत्रमा फोहर व्यवस्थापन गरिँदै आएकामा एक वर्षअघि केन्द्र सञ्चालनमा आएपछि व्यवस्थापन कार्य सहज भएको शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले बताउनुभयो ।

दैनिक करिब छ टन फोहर सङ्कलन हुने अनुमानका आधारमा २० वर्षसम्म व्यवस्थापन गर्न सकिने गरी केन्द्र निर्माण गरिएको भए पनि हाल दैनिक करिब तीन टनमात्र फोहर सङ्कलन भइरहेको उहाँले जानकारी दिनुभयो । यस अवस्थालाई हेर्दा केन्द्रको आयु ४० वर्षसम्म पुग्न सक्ने नगर प्रमुख महराको भनाइ छ ।

उहाँका अनुसार केन्द्र सञ्चालनपछि ट्याक्टर चलाउनेदेखि फोहर छुट्याउनेसम्मका काममा स्थानीयवासी नै संलग्न रहेका छन्, जसले रोजगारीको अवसर पनि सृजना गरेको छ । धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा यस्ता संरचना निर्माण भएका छन् । एसियाली विकास बैङ्क (एडीबी) को सहयोगमा क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत यी परियोजना अघि बढाइएका हुन् ।

यता कैलालीको धनगढी उपमहानगरपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण भइसकेको भए पनि सञ्चालनमा आउन बाँकी छ । तर, उपमहानगरपालिकाले फोहर व्यवस्थापनका लागि विगतका वर्षहरूबाट नै निजी कम्पनीमार्फत ठेक्का लगाई आम्दानी गरिरहेको छ । उपमहानगरपालिकाले नकुहिने फोहरबाट आयआर्जन तथा कुहिने फोहरबाट मल बनाउने उद्देश्यका साथ २०८० साउनमा रु. ३१ लाख ५५ हजार लगानीमा सूक्ष्म वर्गीकरण केन्द्र सञ्चालनमा ल्याएको थियो ।

उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई निजी कम्पनीमार्फत ठेक्का लगाई फोहर बिक्री गर्दै आएको उपमहानगरपालिकाको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थी बताउनुहुन्छ । धनगढीको नन्दादेवी सेवा केन्द्रलाई आव २०८१/८२ मा रु. ७२ लाखमा पाँच वर्षका लागि ठेक्का दिइएको छ । ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्ने गरी ठेक्का सम्झौता गरेको अवस्थीले बताउनुभयो ।

यी अभ्यासहरूले फोहर व्यवस्थापनलाई केवल सरसफाइको विषयमा सीमित नराखी वातावरण संरक्षण र आर्थिक अवसरसँग जोड्न सकिन्छ । तर, संवेदनशील वन क्षेत्रमा अझै पनि फोहर थुपारिने अभ्यास जारी रहनु चुनौतीपूर्ण देखिएको छ । फोहर व्यवस्थापनको समस्या केवल स्रोतको अभाव होइन, नीति कार्यान्वयन र दीर्घकालीन व्यवस्थापन दृष्टिकोणसँग पनि जोडिएको छ । ***रासस***

# रौतहटमा एकैदिन पाँच सयको आँखा परीक्षण

चन्द्रपुर (रौतहट), ३१ जेठ । रौतहटमा शनिबार एकैदिन बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गरी पाँच सयभन्दा बढी नागरिकको आँखा परीक्षण गरेको छ । नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित गौर आँखा अस्पतालले आफ्नो महाअभियानअन्तर्गत तीन फरक-फरक स्थानमा आँखा परीक्षण गरेको हो ।

बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म लक्षित गरी उक्त शिविर सञ्चालन गरिएको हो । सेवा फाउन्डेसनको सहयोगमा निजी तथा सामुदायिक विद्यालयबाट छनोट गरिएका बालबालिकालाई लक्षित गरी विशेष आँखा परीक्षण कार्यक्रम समकेत सञ्चालन गरिएको थियो । गौर आँखा अस्पतालका नेत्रअधिकृत शिवकुमार इँदव, दृष्टि विशेषज्ञ पुनम इँदवसहित करिब १५ सदस्यीय प्राविधिक टोलीले आँखा परीक्षण, परामर्श तथा आवश्यक औषधि वितरण गरेको थियो ।

परीक्षणका क्रममा दृष्टिदोष पहिचान भएका ८३ बालबालिकालाई निःशुल्क चस्मा वितरण गरिएको नेत्रअधिकृत इँदवले जानकारी दिनुभयो । उहाँका अनुसार समयमै दृष्टिदोषको पहिचान र उपचारले बालबालिकाको अध्ययन तथा दैनिक जीवनमा सकारात्मक प्रभाव पार्नेछ ।

यस्तै डाक फाउन्डेसनको सहयोगमा यमुनामाई गाउँपालिका-४ स्थित जनता मावि, सरुअठा तथा मौलापुर नगरपालिकाअन्तर्गत पथराबुधराम क्षेत्रमा ज्येष्ठ नागरिक लक्षित बृहत् आँखा शिविर सञ्चालन गरिएको थियो । मौलापुरमा अस्पतालकी नेत्रअधिकृत विनीता केशरी, अशोक पासवान, अर्चना सिंहलगायत १२ सदस्यीय प्राविधिक टोलीले स्थानीयको आँखा परीक्षण गरेको थियो ।

शिविरमा ४२३ ज्येष्ठ नागरिकको आँखा परीक्षण, परामर्श तथा उपचार सेवा प्रदान गरेको अस्पतालकी नेत्रअधिकृत केशरीले जानकारी दिनुभयो । शिविरका क्रममा मोतियाबिन्दु पुष्टि भएका ६८ जनालाई निःशुल्क शल्यक्रियाका लागि छनोट गरिएको उहाँले बताउनुभयो । केशरीका अनुसार छनोट भएका बिरामीलाई अस्पतालसम्म ल्याउने, शल्यक्रियापछि पुनः घरसम्म पुऱ्याउने तथा सम्पूर्ण उपचार खर्च अस्पतालकै योजनाअन्तर्गत निःशुल्क व्यवस्था गरिएको थियो । ती बिरामीको गौर आँखा अस्पतालमा विशेषज्ञ चिकित्सकको टोलीद्वारा लेन्ससहित निःशुल्क मोतियाबिन्दु शल्यक्रिया गरिने भएको छ ।

अस्पतालका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेयले शल्यक्रियादेखि घर फर्काउने व्यवस्थासम्म सम्पूर्ण सेवा निःशुल्क उपलब्ध गराइने बताउँदै यस्ता महाअभियानले ग्रामीण तथा विपन्न समुदायमा आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । ***(रासस)***

# प्रतिनिधिसभामा असार १ र २ गते मन्त्रालयगत विनियोजन शीर्षकमाथि छलफल हुने

काठमाडौँ, ३१ जेठ । प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८३ अन्तर्गत मन्त्रालयगत विनियोजन शीर्षकमाथि आगामी असार १ र २ गते छलफल हुने भएको छ । मन्त्रालयगत छलफलको क्रममा उठेका प्रश्नको आगामी असार ३ र ४ गते सम्बन्धित मन्त्रीले जवाफ दिने कार्यक्रम तय भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ ।

असार १ गते युवा, श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि, वन तथा पर्यावरण, सूचना तथा सञ्चार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा खाद्य स्वच्छता, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको विनियोजन शीर्षकमाथि छलफल हुनेछ ।

असार २ गते विज्ञान, प्रविधि तथा नवप्रवर्तन, कानुन न्याय तथा संसदीय मामिला, पूर्वाधार विकास, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, परराष्ट्र, अर्थ र रक्षा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, उपराष्ट्रपति र राष्ट्रपतिको कार्यालयको विनियोजन शीर्षकमाथि छलफल हुने सचिवालयले जनाएको छ ।

असार ३ गते युवा, श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि, वन तथा पर्यावरण, सूचना तथा सञ्चार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा खाद्य स्वच्छता, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रीले मन्त्रालयगत छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिनुहुनेछ ।

यस्तै असार ४ गते विज्ञान, प्रविधि तथा नवप्रवर्तन, कानुन, न्याय तथा संसदीय मामिला, पूर्वाधार विकास, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, परराष्ट्र, अर्थ र रक्षा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, उपराष्ट्रपति र राष्ट्रपतिको कार्यालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले दिने कार्यक्रम तय भएको छ । ***(रासस)***

# मोटरसाइकल मर्मत तालिम र चित्रकला तालिमको समापन




भक्तपुर, ३१ जेठ । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को सेवा केन्द्र व्यवस्थापन उपसमिति, तेखापुखु र महिला तथा बालबालिका उपसमितिको संयुक्त आयोजनामा पन्ध्रदिने मोटरसाइकल मर्मत तालिम र ४५ दिने चित्रकला तालिमको समापन कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा आइतबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले ३१ जना युवाको ३१ सय रुपैयाँबाट सुरु भएको यस संस्था हाल १७ हजार शेयर सदस्यको परिवार र ३ अर्ब ३८ करोड ६१ लाखको सम्पत्ति बनाउन सफल भएको उल्लेख गर्नुभयो । उहाँले संस्था बचत तथा ऋण सहकारी भए तापनि आर्थिक कारोबारमा मात्र सीमित नरही स्थापना कालदेखि नै समुदायमा आधारित भई सदस्य र समाजको आर्थिक सामाजिक विकासका कार्य निरन्तर गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका सञ्चालक सदस्य एवं महिला तथा बालबालिका उपसमितिका संयोजक रञ्जना प्रजापतिले संस्थाले नियमित रूपमा विभिन्न सीपमूलक तालिमहरू आयोजना हुँदै आएको बताउनुभयो । उहाँले बालबालिकाको पहिलो शिक्षक आमा बुबा हुने र पहिलो पाठशाला आफ्नै घर हुने बताउँदै पढाइको अलावा बालबालिकाहरूलाई चित्रकलाजस्ता अतिरिक्त क्रियाकलापमा सक्रिय बनाउनुपर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रमका सभापति, संस्थाका सञ्चालक सदस्य एवं सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखुका संयोजक राधेश्यम सैँजुले संस्था समुदायमा आधारित भई कार्य गर्दै आएको बताउँदै संस्थाले नाफालाई भन्दा सदस्यहरूको विकासमा बढी जोड दिँदै आएको उल्लेख गर्नुभयो ।

संस्थाका व्यवस्थापक शिला गोसाईले मोबाइलमा प्रयोग हुने पासवर्डहरू आफ्नो सहजताको लागि सरल मात्र राख्दा मोबाइलमा रहेका वित्तीय संस्थाका एपको माध्यमबाट व्यक्तिगत खाता ह्याक भई आफ्नो खाताको रकम चोरी हुन सक्ने जोखिम हुने बताउँदै सुरक्षित पासवर्डहरू राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखुका सचिव पुण्यराम कर्माचार्य, मोटरसाइकल मर्मत तालिमका प्रशिक्षक जीवन सुवाल र चित्रकला तालिमका प्रशिक्षक बिकास तमखुले पनि बोल्नुभएको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो भने उपसमितिका संयोजकहरूले प्रशिक्षकहरूलाई कदर पत्र प्रदान गर्नुभएको थियो ।

*जाँचबुझ....*

हामीले कार्यालय छोडेका थिएनौँ ।

**प्रहरी वृत्त नयाँ बानेश्वर काठमाडौँमा कार्यरत प्रहरी हवल्दार मानबहादुर चन्दको कागज व्यहोरा**

भदौ २३ गते म नयाँ बानेश्वर चोकमा पिकेट ड्युटीमा खटिएको थिएँ । बिहान अन्दाजी ९.०० बजेको समयमा प्रदर्शनकारीहरू भेला हुँदै थियो । माइतिघर मण्डलाबाट हजारौँको सङ्ख्यामा रहेका प्रदर्शनकारीहरूको भीड नयाँ बानेश्वर चोक अगाडि नाराबाजी गर्दै थिए । ११:३० बजेको समयमा भीड ब्यारिकेड तोडेर संसद् भवनतर्फ अगाडि बढ्यो ।

प्रदर्शनकारीका हातमा घरेलु हतियारसमेत थियो । निजहरूले संसद् भवनको भित्ता फोड्ने, प्वाल पार्ने, सुरक्षा पोस्ट माथि चढ्ने लगायतका गतिविधिहरू गरिरहेका थिए । त्यसो गरिरहँदा, संसद् भवनभित्र रहेको टोलीले पटक पटक लाठीचार्ज गरी भीडलाई बाहिरतर्फ लखेटेको थियो । बाहिर गएपछि फेरि सो भिडले हामी माथि ढुङ्गामुढा, बोतल, इँट्टा प्रहार गर्ने गर्थ्यो । उनीहरूसँग सिसामा पेट्रोल भरिएको प्रज्ज्वलनशील पदार्थ पनि रहेछ । जुन उनीहरूले गेट बाहिर रहेको वाटर क्यानमाथि प्रहार गरेका थिए । केहीबेरमै भिडले पोस्टमाथि चढेर हतियार खोस्ने, सेट खोस्ने प्रयास गर्न थाल्यो । केही क्षणमा गोली चलेको आवाज सुनिए तापनि के कहाँबाट कसले गोली चलाएको थाहा भएन । बेलुकासम्म यस्तै चलिरहँदा बेलुका अन्दाजी ९:०० बजेको समयमा प्रदर्शनकारीहरू फर्केपछि म पनि टोलीसहित प्रहरी वृत्त बानेश्वर फर्के ।

भदौ २४ गतेको सामाजिक सञ्जाल खोल्दा हिजोको प्रदर्शनमा मान्छेहरू घाइते भएको र केही विद्यार्थीहरूको मृत्यु भएको थाहा पाएँ । अन्यत्र रहेका प्रहरी कार्यालय, सरकारी संरचना, नेताहरूका घरमा आक्रमण भइरहेको कुरा सञ्चार सेटमा सुनी थाहा पाएको थिएँ । केही बेरमै अन्दाजी २-३ हजारको सङ्ख्यामा रहेको भीड कार्यालय भवनमा आएर बाहिरबाट ढुङ्गा, इँट्टा प्रहार गर्नथाल्यो । कार्यालयमाथि आक्रमण सुरु भएपछि कार्यालय नजिकै रहेको सशस्त्र प्रहरीको टोली सो स्थानबाट अन्यत्र गएको हुँदा प्रदर्शनकारीहरू कार्यालयको मूल गेट फोडी कार्यालयभित्र प्रवेश गरे । सो क्रममा सञ्चार सेटमा मानवीय क्षति हुन नदिने भन्ने आदेशानुसार हामीले जनताको ज्यानको सुरक्षाका लागि बल प्रयोग नगर्ने बाध्यात्मक परिस्थिति सिर्जना भयो । प्रदर्शनकारीहरूको भीडले साथमा बोकी ल्याएका घरेलु हातहतियार, रड हामीमाथि प्रहार गरी सिसामा भरिएको प्रज्वलनशील पदार्थ पेट्रोल बम प्रहार गरी कार्यालय पार्किङमा रहेका सवारी साधन तथा कार्यालय भवनमा आगो लगाई पूर्ण रूपमा ध्वस्त पार्‍यो । हामी कार्यालय सुरक्षाको लागि भीएस निकेतन स्कूलमा गएका थियौँ । सो स्कूलमा आन्दोलनकारीहरू आएर मलगायतका प्रहरी कर्मचारीहरूको जबरजस्ती बर्दी खोल्न लगाइयो । आन्दोलनकारीले फलामे रड, धारिला हतियार बोकी आएको थियो भने प्रहरी साथीहरूलाई लखेटी लखेटी कुटपिट गर्दै कार्यालयभन्दा १०० मिटर तल वाग्मती खोलाको पुलमुनि लगी ज्यान मार्ने नियतले शारीरिक यातना दिए । वाग्मती खोलाको वारिपारिबाट निर्ममतापूर्वक इँट्टा, ढुङ्गा प्रहार गरी मरणासन्न पारी गम्भीर घाइते बनाए । हाल उपचारपश्चात् प्रहरी वृत्त बानेश्वरमै कार्यरत छु ।

*ती....*

२००५ सालमा गोपालप्रसादले नयाँ सङ्गठन खोले - नेपाल प्रजा पञ्चायत । 'वैधानिक कानुन' मा उल्लेख नागरिक अधिकारहरूलाई उपयोग गर्दै जनतालाई सङ्घर्षमा उतार्नु यस सङ्गठनको लक्ष्य थियो । सङ्गठनका अगुवा थिए - काङ्ग्रेस छोडेका त्रिपुरवर सिंह । काठमाडौँ, पाटन र भक्तपुरका शिक्षित व्यक्तिहरू त्यसमा सङ्गठित भए । जेलबाट टङ्कप्रसाद र रामहरिले त्यसमा समर्थन जनाए ।

पद्म शमशेर भारत भासिएपछि मोहन शमशेर प्रधानमन्त्री बने । २००५ वैशाख १ बाट व्यवहारमा आउने भनिएको 'वैधानिक कानुन' अलपत्र पर्‍यो । तैपनि, नेपाल प्रजा पञ्चायतले भदौ १ गते वैधानिक कानुनमा समर्थन जनाउँदै भेला गर्‍यो । सरकारले त्यसमाथि दमन गर्‍यो । यसको विरोधमा सत्याग्रह गर्ने योजना बन्यो । काठमाडौँ, पाटन र भक्तपुरका झन्डै ३ हजार नयाँ सदस्य थपियो । दशैँको मौका पारेर सत्याग्रह सुरु गर्ने तयारी चल्यो । दसैँको मौका छोपेर काठमाडौँ, पाटन, भक्तपुरमा आमसभाहरू हुन थाले । सत्याग्रहीहरूले इन्क्लाव जिन्दावाद, वैधानिक कानुन लागू गर, राजनीतिक बन्दी छाडिदेऊ, कानुनी राज गराइछाड्छौँ, पुलिसराज मुर्दावाद आदि नारा लगाउँथे । सरकारले रोक्न खोज्दा 'कानुन' मुताबिक सभा सङ्गठन गर्न नरोकियोस् भनेर हस्ताक्षर सङ्कलन गरी मोहनशमशेरकहाँ पठाइयो ।

नेपालकै पहिलो र भव्य जनआन्दोलन थियो यो । काठमाडौँ उपत्यकाभरि सत्याग्रहको रापताप थियो । यसको खबर प्रेमबहादुर कंसाकारजस्ता व्यक्तिहरूले भारतसम्म पुर्‍याए । कोइराला गुटले त्यसको स्वामित्व लिन खोज्यो । 'झुलबाहिर बसेका लामखुट्टेजस्ता बनेका' विश्वेश्वरप्रसाद कोइराला दुई साथीलाई साथ लिएर आन्दोलनको स्वामित्व लिन छद्म भेषमा काठमाडौँ आए । उनले गोपालप्रसादलगायत सत्याग्रहीहरूलाई भारत गएर दशैँभरि आन्दोलनको भेल ल्याउनुपर्ने बताए । तर, सत्याग्रहीहरू मानेनन् ।

रेग्मी गुटले यो आन्दोलन 'कोइराला गुटले चलाएको' भनेर शमशेर खलकलाई कुरा लगाएपछि आन्दोलनमाथि कठोर दमन सुरु भयो । गिरफ्तारी र धरपकड सुरु भयो । राणाका सुराकीहरूको बिगबिगी चल्यो । सत्याग्रही र तिनका जहान परिवारमाथि हातपात र जोरजबरजस्ती भयो । राणा आतङ्क चरमचुलीमा पुग्यो । नक्खु र भद्रगोल जेल सत्याग्रही र क्रान्तिकारीहरूले भरिन थाल्यो । यातना र कुटपिटको आवाजले जेलका भित्ता थर्किन थाले ।

मुख्यमुख्य नेता कार्यकर्ता भूमिगत भए । यस्तैमा त्रिपुरवरसिंह प्रधान, विजयबहादुर मल्ल, गोपालदास श्रेष्ठ, प्रदीप्तमान सिंह, सूर्यबहादुर भारद्वाज, गणेशप्रसाद मानन्धर, सूर्यबहादुर 'पिवा', चन्द्रशेखर रघुवंशीलगायत अगुवा सत्याग्रहीहरू पक्राउ परे । आन्दोलन चलाउन गाह्रो हुन थाल्यो । २००५ माघसम्म पुग्दा नेपालको पहिलो जनआन्दोलन सेलायो । 'गोरखापत्र' ले आन्दोलन दबाउन सत्याग्रहबारे अनेक भ्रामक प्रचार गर्‍यो । गोपालप्रसादले पर्चा लेख्दै ती लाञ्छनाको जवाफ दिइरहे । आन्दोलनमाथि भएको अमानवीय दमनलाई ध्यानमा राख्दै जनतालाई उनले आन्दोलन टुङ्गिएको जानकारी गराए । यसपछि उनी भारततिर लागे ।

भारतबाट फर्केपछि गोपालप्रसादलाई मोहनशमशेरले घरमा बोलाए । त्यही उनलाई पक्राउ गरियो । उनलाई कालकोठरीमा राखियो ।

२००७ सालपछि गोपालप्रसाद विक्षिप्त भए । उनी काठमाडौँमा भौतारिरहन्थे । उनको मुखबाट एउटा कविता झुन्डिरहन्थ्यो :

*एक जुगमा एक दिन एकचोटि आउँछ*
*उलटपुलट, उथलपुथल, हेरफेर ल्याउँछ*
*लाटासुधा बोल्न थाल्छन्, चल्छ ओठ दुःखको*
*सहे भनी सम्झिएका ईख फेर्न उठ्दछन्*
*गए भनी नदेखिएका फर्कीफर्की आउँदछन्*
*सुते भनी सम्झिएका सुरुसुरु हिँड्दछन्*
*मरे भनी फ्याँकिएका जुरुजुरु हिँड्दछन् ।*
*खरानी हुन्छ भरभराउँदो, हुरी चल्न थाल्दछ*
*कायर पनि वीर हुन्छन्, वेग चल्छ जोशको*
*हाहाकार मच्छ यहाँ पाप खुल्न थाल्दछ ।*

२००७ सालको 'क्रान्ति' गोपालप्रसादका लागि कुनै क्रान्ति थिएन । भारतको आडमा आन्दोलन गर्ने काङ्ग्रेस भारतको पिछलग्गू हुने जुन भविष्यवाणी गरेका थिए, त्यो साकार भयो । नेताहरूले मन्त्री खान भारत दौडाहा गरेको देख्दा उनी आक्रोशित हुन्थे । त्यो आक्रोशलाई उनी कवितामा उतार्थे । त्यसैले उनलाई 'बहुला' करार गरियो । तर, उनी बहुला थिएनन् । लाग्छ, सिद्धिचरणको यो कविता उनकै लागि लेखिएको थियो :

*आमा तिनीहरूले जेसुकै भनून्,*
*म बहुला होइन ।*
*मैले गर्न नहुने केही गरेर हिँडेकै छैन,*
*बोल्न नहुने केही बोलेर हिँडेकै छैन ।*
*मेरो आँखा छ, त्यसैले हेर्न पाऊँ भन्छु;*
*पेट छ खान पाऊँ भन्छु,*
*नाङ्गो भएर कोही नहिँडोस् भन्छु;*
*आवाज कानले सुन्न पाओस् भन्छु;*
*विचारलाई बोलीमा उतार्न पाओस् भन्छु;*
*यत्तिकैमा पनि तिनीहरू*
*मलाई बहुला भन्छन्,*
*आमा, म बहुला होइन ।*

गोपालप्रसाद देशभक्त थिए । देश र जनताको लडाइँमा होमिन उनले सरकारी जागिर छोडे । देश-दुनियाँ भौतारिए । सङ्गठन गरे । गीत र कविताबाट देश र जनताको भित्री आवाज बोलिरहे । सहिदहरूलाई भजाउने विलासी र चुसाहा नेताहरूलाई देखेर उनले विसं. २०१८ सालमा एउटा कविता लेखे । यो कविता पछि पञ्चायती सेन्सरमा पर्‍यो । कविता यस्तो थियो -

*आफूलाई बचाउन पनि बाँच्नैपर्‍यो,*
*जहान बच्चालाई बचाउन झन् चिरञ्जीवी हुनैपर्‍यो,*
*यो साझा फूलबारीको हरेक फूल चुस्नैपर्‍यो;*
*भोक र तिर्खा मेट्न यहाँ भोजमा चोक्टाचोक्ला लुछ्नैपर्‍यो,*
*माटो खाए माटो होइन्छ, मानिस खाए मानिस,*
*त्यसैले मान्छेले मान्छेलाई टोक्नैपर्‍यो,*
*मानिसहरू यो साझा फूलबारीमा निकै हुनैपर्‍यो,*
*त्यसैले सहिदहरूलाई सम्झनैपर्‍यो,*
*उनीहरूसित प्रेरणा लिनैपर्‍यो ।*

सिद्धि-गोपालहरूले २००७ सालपछि नै ठम्याएको दृश्यमा आज पनि उति हेरफेर भएको छैन । जनताका दिन अझै आएका छैनन् । हिजोका कतिपय हुनेखानेहरू आज लखपति, करोडपति, अर्बपति, खर्बपति बनेको साँचो हो । तर, श्रमजीवी जनताको घरआँगनमा 'प्रजातन्त्र' र 'क्रान्ति' को घाम अझै झुल्केको छैन । गोपालप्रसादले दमनराजलाई भनेको त्यो वाक्य आज पनि सान्दर्भिक छ - सम्पत्ति, बुद्धि र शक्तिमा एकाधिकार जमाएको शासकवर्गले बक्सिस दिने परिवर्तनले हाम्रो हित हुँदैन, श्रमजीवीवर्गले आफ्नो लडाइँ आफै लड्नुपर्छ ।

**स्रोत सामग्री**

१. गोविन्दप्रसाद उपाध्याय, नेपालको प्रजातान्त्रिक इतिहास-सन्दर्भ
२. सिद्धिचरण श्रेष्ठ, सिद्धिचरणका जेल संस्मरण
३. दमनराज तुलाधर, दमनराज तुलाधर
४. प्रभात सापकोटा, म गोपालप्रसाद
५. विश्वेश्वरप्रसाद कोइराला, आत्मवृत्तान्त
६. सिद्धिचरण श्रेष्ठ, मेरो प्रतिबिम्ब
७. गोपालप्रसाद रिमाल, आमाको सपना

## हार्दिक समवेदना



जन्म : २००६/०५/१०
निधन: २०८३/०२/२६

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं.६, चोछेँ, ब्यासी टोल बस्ने यस संस्थाका सदस्यता नं. ९६२ का सदस्य **कृष्ण ब्याञ्जु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं

- धारा खुला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुनःप्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।

पानी जीवन हो–यसको संरक्षण हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा